# परिच्छेद एक :परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपालमा शैक्षिक विकासको इतिहास हेर्दा ऐतिहासिक कालदेखि नै अनौपचारिक तथा अनियमित शिक्षा कुनै न कुनै रुपमा रहेको पाइन्छ । पौराणिक कालमा, गुरुकुलमा वसेर निःशुल्क शिक्षा लिने प्रचलन रहेको देखिन्छ । विस्तारै लिच्छवी र मल्लकालमा भने विभिन्न गुठीहरु सञ्चालन गरी आवासीय रुपमा नि :शुल्क शिक्षा प्रदान गर्ने गरेको पाइन्छ । एकीकरण हुनु अगाडिका वाइसी चौविसी राज्यमा विभिन्न गुठीहरु संचालन गरी संस्कृत शिक्षाको विकास र विस्तारमा जोड दिइएको पाइन्छ । पृथ्वीनारायण शाहले संस्कृत र फारसी पढ्न छात्रवृत्ति प्रदानगरी भारतका विभिन्न स्थानमा पढाइएको, सैनिकका टुहुरा सन्तानहरुलाई छात्रवृत्ति राज्य कै तर्फवाट दिने गरेको र विस्तारै संस्कृत विद्यालयहरु दान, दातव्य र चन्दा वाट चल्ने चलाउने गरेको पाइन्छ (पौडेल,२०५४) ।

देशको समग्र विकासको लागि राज्यले शिक्षामा वढी भन्दा वढी लगानी गर्नु पर्दछ । देशमा रहेका सवै खाले जात जाति वर्ग, धर्म, वर्ण, लिङ्ग र समुदायका मानिसहरुले शिक्षा प्राप्तिको समान अवसर प्राप्त गर्न सकिरहेका छैनन् । तसर्थ राज्यले त्यस्ता समुदाय र वर्गको पहिचान गरी विभिन्न प्रकारले आर्थिक, भौतिक, मानवीय सहयोग मार्फत शिक्षा प्राप्तिमा अवसर प्रदान गरी आकर्षण वढाउनु पर्दछ । हाम्रो देशमा संचालनमा रहेका समुदायिक र संस्थागत विद्यालयको अवस्था हेर्दा संस्थागत विद्यालयहरुमा हुनेखाने र संभ्रान्त वर्गका छोराछोरीहरु पठन पाठन गर्दछन भने समुदायिक विद्यालयमा गरिव र विपन्न वर्गका विद्यार्थीहरुको चाप रहेकोछ । गा.वि.स., न.पा. वा उ.म.न. पालिका र महानगरपालिकाको प्रत्येक वार्ड र टोलमा विभिन्न खाले विद्यालयहरु रहेता पनि ठूलो संख्यामा विद्यालय उमेर समूहका बालबालिकाहरु विद्यालय शिक्षा आर्जन गर्न नसकिरहेको अवस्था छ । यस्तो अवस्थामा विद्यालय उमेर समूहका बालबालिकाहरुलाई विद्यालय प्रवेश गराई विद्यालयमा टिकिरहने अवस्था वनाउन सरकारी तर्फबाट उनीहरुलाई आकर्षित गर्नु पर्ने हुन्छ ।

छात्र र वृत्ति मिलेर वनेको छात्रवृत्ति शब्दको शाब्दिक अर्थ "विद्यार्थीलाई विद्या आर्जन गर्न दिइने जीवीकाको साधन" हो ( वृहत नेपाली शब्दकोष , २०६३ ) ।

छात्रवृत्तिलाई भौतिक र गैरभौतिक गरी दुई भागमा राखेर हेर्न सकिन्छ । विद्यार्थीलाई प्रत्यक्ष रुपमा  रकम उपलब्ध गराउनु भौतिक छात्रवृत्ति हो भने उसलाई पढाइको लागि आवश्यक व्यवस्था गरी पढ्ने , खाने, वस्ने समेतको व्यवस्था गरिनु गैरभौतिक छात्रवृत्ति हो । गैरभौतिक छात्रवृत्तिलाई अप्रत्यक्ष्य छात्रवृत्ति पनि भन्न सकिन्छ जसले अभिभावकहरुलाई प्रोत्साहित गरी विद्यार्थीलाई पढाइमा सहयोग पुऱ्याउन सक्छ । हाम्रो देशमा शिक्षाको असमान वितरण रहेको छ । शिक्षामा समानता र निष्पक्षता जस्ता सजिलै पहुँचका कुराहरु समस्याका रुपमा उठिरहेका छन् । सवै प्राथमिक उमेर समूहका बालबालिका शिक्षाको अवसरवाट वन्चित भई विद्यालय शिक्षाबाट लाभ लिन सकून भनी विभिन्न प्रयासहरु भइ रहेका छन् । " सबैका लागि शिक्षा" सम्वन्धि सन् १९९० को थाइलैण्डको जोमटिनमा भएको अन्तरराष्ट्रिय सम्मेलनको प्रतिवद्धता अनुरुप सन् २००० को डकारमा सम्पन्न विश्व शिक्षा मञ्चको वैठकमा नेपालले सहभागिता जनाई सवै सदस्य राष्ट्रले राज्यमा सवै नागरिकलाई सन् २०१५ सम्ममा आधारभूत तथा प्रथमिक शिक्षा उपलब्ध गराई छाड्ने प्रतिवद्धता गरेका छन्  (बस्नेत, २०६०) ।

विद्यालय तहमा छात्रवृत्ति सम्बन्धि कानुनी र नीतिगत व्यवस्था २००८ साल देखि नै सुरुगरेको पाइन्छ । २०१३ साल देखि योजनावद्ध रुपमा पिछडिएको जाति, वर्ग, समुदाय र जेहेन्दार विद्यार्थीको लागि प्रत्येक योजनामा छात्रवृत्ति सम्बन्धि व्यवस्था गरेको पाइन्छ । आज संसार भरी नै शिक्षामा पहुँच र गुणस्तर वृद्धि सम्बन्धमा विभिन्न खाले शैक्षिक कार्यक्रमहरु सञ्चालन हुँदै आएका छन् । नेपालमा खास गरी लैगिङ्क विभेदीकरणको अन्त्य गरी शिक्षाको मूल प्रवाहमा समाहित गर्न विभिन्न शैक्षिक योजना र कार्यक्रमहरु लागु गरिएका छन् । यस्ता कार्यक्रम अन्तरगत छात्रवृत्ति पनि एक महत्वपूर्ण कार्यक्रमको रुपमा रहेको छ । यस्ता छात्रवृत्तिका कार्यक्रमले समाजका विपन्न सिमान्तकृत, भाषिक र सांस्कृतिक रुपले पछि परेका समुदायका बालबालिकालाई सम्वोधन गर्ने गरी कार्यक्रमहरु सञ्चालित छन् । शिक्षा ऐन २०२८ ( आठौ संशोधन ) ले छात्रवृत्ति सम्बन्धी व्यवस्था गरेको नभएता पनि शिक्षा नियामावलि २०५९ ( प्रथम संशोधन २०५९ ) को परिच्छेद २६ ले छात्रवृत्ति सम्बन्धमा गरेको व्यवस्था अनुसार हरेक विद्यालयले क्रमश : प्रत्येक कक्षामा प्रथम र दोस्रो स्थान प्राप्त गर्ने विद्यार्थीलाई शत प्रतिशत र पचास प्रतिशत शुल्क छुट गरी जेहेन्दार छात्रवृत्ति उपलब्ध गराउनु पर्ने, संस्थागत विद्यालयले जम्मा विद्यार्थी संख्याको कम्तिमा ५ प्रतिशत गरिव, अपाङ्ग, महिला, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्ने, छात्रवृत्ति उपलब्ध गराउनु अघि

विद्यालयले त्यस्तो छात्रवृतिका लागि निवेदन दिन विद्यालयमा सूचना प्रकाशित गर्नु पर्ने, सामुदायिक विद्यालयले गरिवीको रेखामुनि रहेका दलित, जनजाति र महिला लगायत अन्य विद्यार्थीहरुलाई निःशुल्क शिक्षाको व्यवस्था गर्नु पर्ने व्यवस्था गरेको देखिन्छ ( शिक्षा नियमावली, २०५९ ) ।

शिक्षाको पहुँच प्रत्येक वर्ग तथा तहका जन समुदायसम्म पुऱ्याउने, शिक्षामा गुणस्तर वृद्धि गर्ने, स्थानीय निकायलाई शैक्षिक विकास प्रक्रियामा सक्रिय सहभागी गराउने लैङ्गिक समानता सुनिश्चीत गर्ने निम्न, मध्यम तथा उच्च स्तरीय जनशक्ति उत्पादन गरी शैक्षिक संस्थाहरुलाई उत्कृष्ट प्राज्ञिक केन्द्रको रुपमा विकास गर्ने, दीर्घकालीन सोच राख्दै महिला, दलित, अपाङ्ग र पिछडिएको वर्गको अवस्थालाई ध्यानमा राखी गुणस्तरीय शिक्षामा उनीहरुको पहुँच वढाउन विशेष कार्यक्रम संचालन गर्ने दीर्घकालीन अवधारणा राखेको छ भने "सवैको लागि शिक्षा" को सन्दर्भमा महिला तथा अपाङ्गको लागि शिक्षाका अवसरहरुमा पहुँच वढाउन विशेष व्यवस्था गर्ने उदेश्य राखेको पाइछ (दशौ योजना ,२०५९–२०६४ ) ।

गरिवीको अवस्थामा सुधार ल्याउनको लागि शिक्षामा अवसर प्रदान गर्न गरिव गाउँका बालबालिकाहरुलाई छात्रवृत्ति दिनु पर्दछ । हाल कायम रहेको धनी र सम्भ्रान्तका छोरा छोरीले मात्र लाभ उठाइरहेको छात्रवृत्ति कार्यक्रमले सहरी र सम्भ्रान्त परिवारलाई निरुत्साहित गरी गरिव, विपन्न र असहायलाई छात्रवृत्ति प्रदान नगर्नाले गरिवीको अवस्थामा कुनै सुधार भएको छैन ( रा.यो.आ., २०११ ) ।

नेपालको शैक्षिक तथ्याङ्क अनुरसार महिला, अपाङ्ग, दलित र पिछडिएको वर्गको शिक्षामा सहभागिता कम देखिएकोले यी वर्गलाई लक्षित गरी छात्रवृत्ति कार्यक्रम राखेको पाइन्छ । अहिले नेपालमा राष्ट्रिय छात्रवृत्ति कार्यक्रम अन्तरगत प्राथमिक विद्यालयका सम्पूर्ण छात्रा छात्रवृत्ति, स्थानीय छात्राछात्रवृत्ति, छात्रा प्रोत्साहन छात्रवृत्ति, विशेष लक्षित समूहका लागि छात्रवृत्ति, सहिदका छोरा छोरीका निम्ती छात्रवृति, शैक्षिक स्तरवृद्धि सम्वन्धी छात्रवृत्ति, माध्यमिक शिक्षा छात्रवृत्ति, जनजाति छात्रवृत्तिहरु रहेका छन् (शिक्षा विभाग, २०६४) ।

## १.२. समस्याको कथन

व्यक्तिका आधारभूत आवश्यकताहरुमा खाना, नाना र छाना रहेका छन् । मानिसलाई यी आवश्यकताको परीपूर्तीले मात्र उसको व्यक्तित्व विकास सम्भव छैन तसर्थ शिक्षा प्राप्तिलाई

समेत बालबालिकाको नैसर्गिक अधिकारका रुपमा लिइन्छ । कुनै पनि देशका बालबालिकाले प्राप्त गर्ने शिक्षालाई व्यवस्थित गरी उनीहरुलाई न्यूनतम शिक्षाको व्यवस्था गर्नु राष्ट्रको दायित्व भित्र पर्दछ । नेपालको शैक्षिक तथ्याङ्कलाई हेर्दा अझै पनि केही जाति र भाषीहरु विद्यालय शिक्षाको पहुँचबाट टाढै रहेको पाइन्छ । कुनै पनि देशको पूँजी भनेको व्यक्तिले आर्जन गरेको ज्ञान, सीप र धारणा नै  हो । हालका दिनमा नेपालले कुल राष्ट्रिय वजेटको १७ प्रतिशत रकम शिक्षामा छुट्याइएको भएता पनि उक्त रकमको ८० प्रतिशत हाराहारीको रकम शिक्षकहरुको तलब भत्तामा नै खर्च भइ रहेको  छ । पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गरी पाठ्यक्रमले तोकेको सिकाइ उपलब्धिहरु सिकारुहरुमा हासिल गराउन शिक्षकको पेशागत कर्तव्य हुन आउँछ । उक्त कर्तव्य पालन गर्नको लागि विद्यालयमा विद्यार्थीहरुको उपस्थीति नियमित हुनु नितान्त जरुरी हुन्छ तर हाम्रा सामुदायिक विद्यालयहरु त्यसमा पनि प्राथमिक तहमा विद्यार्थीहरु विद्यालयमा भर्ना हुनै नजाने, भर्ना भइहाले पनि नियमित नहुने, कक्षा पूरा नगरी कक्षा छोड्ने वा कक्षा दोहोऱ्याउने जस्ता कार्य हुने गरेका  छन् ।

शिक्षा क्षेत्रमा विनियोजित रकमको लगभग ५५ प्रतिशत रकम प्राथमिक तहको शिक्षामा खर्च हुने गरेको छ । शिक्षामा सवैको पहुँच अभिवृद्धि गर्ने उदेश्यले छात्रा, दलित, गरिव, द्वन्द्वपीडित र पिछडिएका अति सिमान्तीकृत वर्गका शैक्षिक समस्यालाई सम्बोधन गर्ने गरी प्राथमिक तहमा "सवैका लागि शिक्षा" कार्यक्रम अन्तरगत विभिन्न किसिमका छात्रवृत्ति कार्यक्रमहरुको व्यवस्था गरिएको छ । विद्यार्थीहरुलाई प्रदान गरिएका विभिन्न छात्रवृत्ति कार्यक्रम सम्बन्धमा केही मात्रामा अध्ययन अनुसन्धान भएको पाइएता पनि प्राथमिक तहमा वितरित छात्रवृत्ति कार्यक्रको वितरण प्रक्रिया कस्तो छ , उक्त वितरित छात्रवृत्ति कार्यक्रमले विद्यार्थी नियमिततामा कस्तो असर पारेको छ , छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको शैक्षिक उपलब्धि कस्तो रहेको छ , छात्रवृत्तिको उपयोगिता कस्तो रहेको छ , छात्रवृत्ति वितरण र व्यवस्थापनमा के कस्ता समस्याहरु रहेका छन्  भन्ने प्रश्नहरु प्रायः अनुत्तरित रहेका छन् । सामुदायिक विद्यालयका प्राथमिक तहको छात्रवृत्ति वितरण कार्यक्रमले शिक्षण  सिकाइमा पारेको प्रभावको खोजीनै समस्याको मुल कथन रहेको छ ।   छात्रवृत्ति वितरणको सम्वन्धमा समयमा वितरण नभएको, वितरण पारदर्शी नभएको, छात्रवृत्ति अपर्याप्त भएको, छात्रवृत्तिले लक्षित वर्गलाई समेट्न नसकेको, शैक्षिक उपलब्धिमा ठोस, सकारात्मक र प्रभाव पार्न नसकेको, छात्रवृत्तिको लागि एउटै विद्यार्थीले धेरैवटा विद्यालयमा भर्ना लिएको जस्ता प्रसस्त गुनासाहरू सुनिरहिएको परिप्रेक्ष्यमा यथार्थताको खोजी गरी छात्रवृत्ति कार्यक्रमको

प्रभावकारिताको लेखाजोखा गर्नु पर्ने देखिएको छ। सामुदायिक विद्यालयका प्रथमिक तहको छात्रवृत्ति वितरण कार्यक्रमले सिकाइमा पारेको प्रभावको खोजीगरि देखापरेका समस्याहरुको पहिचानवाट कार्यक्रमलाई प्रभावकारी वनाउने उपायहरुको खोजी गरिएको छ।

## १.३ अध्ययनको औचित्य

सन् १९४८ को दिसेम्बरमा संयुक्त राष्ट्र संघको मानव अधिकार सम्बन्धी घोषणा पत्रमा हरेक देशका नागरिकले शिक्षा प्राप्त गर्न पाउनु लाई उनीहरुको नैसर्गिक अधिकार हो भनी उल्लेख गरेको छ। संयुक्त राष्ट्र संघकै "सवैका लागि शिक्षा" भन्ने नारालाई सार्थक वनाउन नेपालका विद्यालय उमेर समूहका प्रत्येक बालबालिकालाई विद्यालयको पहुँचमा ल्याउन विभिन्न प्रयासहरुका वावजुद कतिपय बालबालिकाहरु प्राथमिक तहको शिक्षाबाट वन्चित रहेका छन्। नेपाल सरकारले शिक्षामा सवैको पहुँच विस्तार गर्न प्राथमिक तहमा विभिन्न प्रकारका छात्रवृत्तिको व्यवस्था गरेको छ। विद्यालयहरुमा छात्रवृत्ति कार्यक्रम कसरी सञ्चालन भएको छ ? छात्रवृत्ति वितरणमा के कस्ता समस्याहरु रहेका छन् ? छात्रवृत्ति कार्यक्रमको उपयोगिता के कस्तो रहेको छ ? छात्रवृत्ति कार्यक्रमले विद्यार्थीहरुमा भर्नादर, कक्षा दोहोऱ्याउनेदर, विचैमा कक्षा छाड्नेदर, सिकाइ उपलब्धीमा पार्ने प्रभाव जस्ता कुराको खोजी गर्न र समस्या आएमा समाधानका उपाय पत्ता लगाउन अध्ययन औचित्य पूर्ण हुनेछ। छात्रवृत्ति कार्यक्रमको कमी कमजोरी हटाउन सम्बन्धित क्षेत्रका वि. नि., स्रोत व्यक्ति, जि.शि.अ. एवं अन्य नीति निर्माता र सरोकारवालाहरुलाई अनुगमन गर्न आधार प्रदान गर्दछ। यस कार्यक्रममा भएका सवल र दुर्वल पक्षको पहिचान गरी आगामी दिनमा कार्यक्रमलाई सहि दिशामा आगाडि वढाउन सहयोग गर्दछ। यसका साथै यस सम्बन्धमा अध्ययन गर्न चाहने भविष्यका अध्येताहरुलाई समेत आधार प्रदान गर्नेछ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरु निम्नानुसार रहेका छन् :

१. प्राथमिक तहमा छात्रवृत्ति वितरण प्रक्रियाको अध्ययन गर्नु।

२. प्राथमिक तहमा छात्रवृत्ति कार्यक्रमको प्रभावकारिताको खोजी गर्नु।

३. प्राथमिक तहमा छात्रवृत्ति वितरण प्रक्रियाले शिक्षण सिकाइमा पारेको प्रभावको लेखाजोखा गर्नु।

४. छात्रवृत्ति वितरण कार्यक्रमलाई प्रभावकारी बनाउने उपायहरू खोज्नु।

## १.५ अनुसन्धानात्मक प्रश्नावली

क) छात्रवृत्ति वितरणको अवस्था कस्तो छ ?

ख)) छात्रवृत्ति वितरण कार्यक्रमको प्रक्रिया कस्तो रहेको छ ?

ग) छात्रवृत्ति कार्यक्रमले बालबालिकामा कस्तो प्रभाव पारेको छ ?

घ)छात्रवृत्ति वितरणमा के कस्ता समस्याहरु रहेका छन् ?

ङ) छात्रवृत्ति कार्यक्रमलाई प्रभावकारी वनाउन के गर्नु पर्छ ?

## १.६ अध्ययनको परिसीमा

प्रस्तुत अध्ययन सीमित स्रोत, साधन, समय र आफ्नो सहजता आदिलाई मध्यनजर गरी मोरङ जिल्लाका दादरवैरिया स्रोत केन्द्रका समुदायिक विद्यालयमा सीमित गरिएको छ । यस स्रोत केन्द्रमा रहेका सामुदायिक विद्यालयका प्राथमिक तहमा वितरण गरिएको छात्रवृत्तिलाई मात्र अध्ययनमा समावेश गरिएको छ । अध्ययनमा परेका विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, अभिभावक, वि.व्य.स. अध्यक्ष र स्रोत व्यक्तिलाई अध्ययनमा समावेश गरिएको छ । अध्ययन बाट भएको प्राप्ति र निष्कर्षलाई तराईका समानस्तर भएका अन्य स्रोत केन्द्रमा मात्र सामान्यीकरण गर्न सकिनेछ ।

यस अध्ययनमा छनोटमा परेका सामुदायिक विद्यालयहरूका प्राथमिक तहको छात्रवृत्ति कार्यक्रमको मात्र अध्ययन गरिने छ । तोकीएका उद्देश्य भित्र सीमित रहेर छात्रवृत्ति वितरण कार्यक्रमले शिक्षण सिकाइमा पारेको प्रभाव भन्ने विषयमा छात्रवृत्ति अन्तरगत त्यसको प्रक्रिया,त्यसमा रहेका समस्या र उपयोगिताको विश्लेषण गर्ने कार्यमा यस अध्यनलाई केन्द्रित गरिएको छ ।

## १.७ शब्दावलीको परिभाषा

स्रोत केन्द्र : केही निश्चित गा.वि.स. हरुलाई समेटेर उक्त गा.वि.स.हरुका क्षेत्र भित्र पर्ने विद्यालयहरुको आर्थिक, भौतिक, शैक्षिक तथ्याङ्क राख्ने, नीति नियम र सरकारी रणनीतिका वारेमा सम्बन्धित विद्यालयलाई जानकारी गराउने, पठन पाठन मा प्राविधिक सहयोग पुर्‍याई जि.शि. का. संग पुलको काम गर्ने केन्द्रलाई श्रोत केन्द्र भनिन्छ (लामिछाने, २०६८ मा उदृत)

छात्रवृत्ति : विद्यार्थीहरुको विद्या आर्जन को निमित दिईने नगद वा जिन्सी

प्रधानाध्यापक : विद्यालयको प्रमुख प्रशासकीय व्यक्ति

शिक्षा : घरमा वा कुनै शिक्षण संघ संस्थामा नियमित वा अनौपचारिक किसिमबाट गरिने अध्ययन

पारदर्शिता : स्पष्ट देखिने गरी

अभिभावक : विद्यार्थीका बाबु आमा वा संरक्षक

शिक्षण : शिक्षकले सिकाउने कार्य र तरिका

वितरण : कुनै पनि वस्तु तोकिए अनुसार बाँड्नु

नियमित : ठिक समयमा , सधै, नियममा बाँधिएको

दामासाही : बराबर भाग

समानता : सबैमा कुनै पक्षपात नगरी वरावर गर्नु

समता : क्षमताका आधारमा सबैलाई अवसर दिनु

विद्यालय : बालबालिकाहरु नियमित रुपमा उपस्थित भई अध्ययन गर्ने स्थल / घर

# पच्छिेद दुई :सम्वन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

यस शोधका लागि निम्न लिखित शोधपत्रहरू एवम् अनुसन्धानात्मक जर्नलहरूको पुनरावलोकन गरी अध्ययनको विषयसँग गरिएका पूर्ण खोज कार्यहरूबाट निकालिएका निश्कर्ष र ती कामहरूमा देखिएका अन्तर पत्तालगाई यो शोधकार्यलाई समूचित ढाँचामा अगाडि बढाउने प्रयत्न गरिएको छ ।

लम्साल ( २०६९ ) ले "विद्यमान छात्रवृतिको प्रावधान र सुविधा विहीन समुदायको पहुँच" नाम को अनुसन्धानात्मक लेखमा विद्यालय तहको शिक्षामा छात्रवृतिको प्रकार र उपलब्ध वजेटको मात्रा उच्च शिक्षाको तुलनामा धैरै रहेको राज्यद्वारा छात्रवृत्ति विनियोजित रकम ठूलो भएता पनि प्रति व्यक्तिले पाउने रकम न्यून नै रहेको र छात्रवृत्ति व्यवस्थापनमा केन्द्र देखि जिल्ला तह सम्म विभिन्न संरचनागत व्यवस्था, निर्देशिका एवं कार्य विधि र कार्यन्वयन पुस्तिका तयार भएता पनि यसको सदुपयोग जे जति हुनु पर्ने हो सो हुन नसकेको उल्लेख छ । सो लेखमा नेपालको अन्तरिम संविधान २०६३ ले शिक्षालाई अधारभूत मौलिक हकको रुपमा स्थापित गरेको कुरा उल्लेख गर्दै बालबालिकालाई आधारभूत शिक्षाको सुनिश्चितता गर्नु राज्यको अनिवार्य दायित्वको रुपमा स्वीकार गरिएको छ । यस कार्यका लागि सार्वजनिक श्रोतका साथै घरपरिवार तथा निजी क्षेत्रको समेत लगानी रहेको छ । तर पनि नेपालको सन्दर्भमा सबै बालबालिकालाई विद्यालय शिक्षाको पहुँचको सुनिश्चिता गर्न सकिएको छैन (शिक्षा विभाग , २०६८) ।

नेपालमा छात्रवृत्ति प्रदान गर्ने निकायहरु धैरै छन् । सरकारका साथमा स्थानीय निकाय, विभिन्न आयोग, समिति, गैरसरकारी संघ संस्था आदिबाट पनि छात्रवृत्ति प्रदान भईरहेका छन् ( शिक्षा मन्त्रालय, २०६८) । छात्रवृत्ति सम्बन्धि ऐन २०२१ ले सरकारबाट प्रदान गरिने छात्रवृत्तिलाई व्यवस्थित गर्नका लागि विभिन्न प्रावधानको व्यवस्था गरेको छ । यस ऐन अनुसार छात्रवृत्ति भन्नाले आर्थिक सहयोगका साथमा सरकारबाट अध्ययन अनुसन्धान तालिम आदिको लागि प्रदान गरिने जुनसुकै किसिमको सहयोग छात्रवृतिको दायरा भित्र पर्ने देखिन्छ । शिक्षा

ऐन २०२८ (सातौँ संशोधन , २०५८ समेत ) को दफा ११ "ण" मा नेपाल सरकारले निम्न माध्यमिक शिक्षा र माध्यमिक शिक्षाका लागि विद्यालयमा भर्ना हुने विद्यार्थीलाई तोकिए वमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ भन्ने उल्लेख गरिएको छ। सोही ऐनको दफा १६ ञ मा संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कुल विद्यार्थी संख्याको कम्तिमा १० प्रतिशत मा नघटने गरी तोकिए वमोजिम विपन्न, अपाङ्ग, महिला, दलित वा जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्ने व्यवस्था उल्लेख गरिएको छ। शिक्षा नियमावलि, २०५९ ( सातै संसोधन समेत ) को परिच्छेद २६ मा छात्रवृत्ति तथा निशुल्क शिक्षा सम्बन्धि व्यवस्था, नियम १५१ मा छात्रवृत्ति व्यवस्था गर्नु पर्ने र नियम १५२ मा निशुल्क शिक्षा उपलब्ध गराउनु पर्ने व्यवस्था अन्तरगत सामुदायिक विद्यालयको गरिवीको रेखा मुनि रहेका दलित, जनजाति र महिला लगायत अन्य विद्यार्थीहरुलाई निशुल्क शिक्षाको व्यवस्था गर्नु पर्ने भनी स्पष्ट रुपमा व्यवस्था भएको छ।

उक्त लेखको निश्कर्षमा सामाजिक, आर्थिक, भौगोलिक, शारीरिक तथा अन्य कारण वाट पछि परेका समुदायका बालबालिकाहरुलाई शिक्षाको मुल प्रवाहमा ल्याउन राज्यको तर्फ वाट प्रोत्साहन तथा छात्रवृत्तिका कार्यक्रमहरुको कार्यन्वयन अति आवश्यक हुन्छ। छात्रवृत्ति व्यवस्था गर्नु एउटा पक्ष र यसको प्रभावकारी व्यवस्थापन अर्को महत्वपूर्ण पक्ष रहेको हुन्छ। छात्रवृत्ति व्यवस्थापनमा कुन निकायको भूमिका के हुने र छात्रवृत्ति प्राप्त गर्नेले के जिम्मेवारी निर्वाह गर्ने भन्ने विषय स्पष्ट रुपमा परिभाषित गर्नु पर्ने देखिन्छ।

शिक्षा विभाग द्धारा गरिएका अध्ययनहरुको प्रतिवेदन ( २०६३।२०६४ ) को "विद्यालय तह छात्रवृत्ति कार्यक्रमहरुको प्रभावकारिता माथि एक अध्ययनमा" नेपाल सरकारद्वारा विद्यालय स्तरमा सुरु गरिएको छात्रवृत्ति कार्यक्रम मूल्याङ्कन गरी शिक्षामा बालिका तथा पिछडिएका बालबालिका हरुको सहभागिता वढाउनका लागि छात्रवृत्ति कार्यक्रमको भूमिका पता लगाउने, छात्रवृत्ति वितरण कार्यक्रमको सवल तथा दुर्वल पक्षहरुको पता लगाउने, छात्रवृत्ति सुविधाहरुको उपयोगिता पहिचान गरी विभिन्न छात्रवृत्ति कार्यक्रमहरुको प्रभाकारिता विश्लेषण गर्ने उद्देश्यका साथ अनुसन्धान अगाडि वढाइएको छ। छात्रवृत्ति कार्यक्रम वाट शैक्षिक, आर्थिक, मानसिक र व्यवहारिक रुपका सकारात्मक र नकारात्मक दुवै प्रकारका असर देखा परेता पनि सकारात्मक असर नै वढी रहेको उल्लेख छ। छात्रवृत्ति कार्यक्रमको प्रभावकारिता कायम गराउन उक्त अनुसन्धानमा केही महत्वपूर्ण हस्तक्षेपकारी सिफारिस समेत गरेको छ जसले छात्रवृतिको

प्रक्रिया, कार्यक्रम र नीति निर्माणमा शिघ्र सुधारको माग गर्दछ । यस अध्ययनले छात्रवृतिको संख्या र आकार वढाउनु पर्ने, संचार माध्यमलाई वृहत रुपमा प्रयोग गर्नु पर्ने, समय र प्रक्रियामा लचकता अपनाउनु पर्ने, पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्नु पर्ने कुराहरुलाई सुझावको रुपमा प्रस्तुत गरेको छ ।

पोखेल, ( २०६७ ) का अनुसार छात्रवृत्ति सञ्चालन भए यता छात्रवृत्ति कार्यक्रमले सकारात्मक विभेदीकरणको रुपमा काम गरेको जसले गर्दा विद्यार्थीहरुको विद्यालयमा नियमितता वृद्धि भएको, सिकाइउपलब्धि, कक्षा उत्तीर्णदर, तह पूरा गर्नेदर वृद्धि भएको उल्लेख गरिएको छ । छात्रवृत्ति रकम वितरण गर्ने समय र प्रक्रिया उपयुक्त नरहेको, छात्रवृत्ति वितरण सामूहिक कार्यक्रम आयोजना नगरी व्यक्तिगत रुपमा वितरण गर्ने गरेको, छात्रवृत्ति रकमको सहि सदुपयोग हुन नसकेको, लक्षित समूहका सबैले छात्रवृत्ति प्राप्त गर्न नसकेको, छात्रवृत्ति रकम न्यून रहेको, सरोकारवाला निकायबाट यस सम्बन्धमा कुनै पनि प्रकारको अनुगमन निरीक्षण हुने नगरेको कुरालाई शोध सारमा निश्कर्षको रुपमा प्रस्तुत गर्नु भएको छ ।

उक्त अध्ययनले सिफारिसका रुपमा समय र महँगी अनुसार छात्रवृत्ति रकम वृद्धि गरिनु पर्ने, अभिभावकहरुमा जागरण कार्यक्रम चलाउनु पर्ने, औपचारिक कार्यक्रमको आयोजना गरी छात्रवृत्ति रकम वितरण गर्नु पर्ने, छात्रवृत्ति रकमको चुहावट तथा दुरुपयोगलाई नियन्त्रण गर्नु पर्ने, लक्षित समूहका सवैले छात्रवृत्ति प्राप्त गर्ने गरी छात्रवृतिको कोटा निधारर्ण  गर्नु पर्ने, खाजा तथा मट्टितेलको व्यवस्था गर्नुपर्ने जस्ता सुझावहरु गरेको छ ।

गजुरेल (२०६८) ले झापा जिल्लाको काँकरभिट्टा स्रोतकेन्द्र भित्रका २२ वटा सरकारी विद्यालयहरुका सरोकारवालालाई नमुनाको कूल जनसंख्याको रुपमा लिएर दलित छात्रवृत्ति वितरणले विद्यार्थीहरुको नियमिततामा पारेको प्रभाव भन्ने शोधपत्रमा उदे्श्यहरु निम्नानुसार रहेका छन्: दलित छात्रवृतिको वर्तमान स्थिति पहिचान गर्ने, दलित छात्रवृतिले विद्यार्थी नियमिततामा पारेको प्रभाव पत्ता लगाउने र दलित छात्रवृत्ति वितरणमा देखिएका समस्याहरुको पहिचान गरी सुझाव प्रस्तुत गर्ने ।

उक्त शोधपत्रको निष्कर्षको रुपमा नेपालमा विद्यालय स्तरीय छात्रवृत्तिको कार्यक्रमहरु विगतदेखि नै अस्तित्वमा रहेको र यसले विद्यार्थीहरुको पठनपाठन कार्यक्रम अघि बढाउनको लागि सहयोग पुर्‍याएको छ । विभिन्न कारणवस पछाडि परेका र पछि पारिएका व्यक्तिलाई

शिक्षाको मूलधारमा ल्याउन छात्रवृत्तिले सहयोग गरेको, सिकाइ गर्न सकारात्मक वातावरणको निर्माण गरेको, विद्यालयमा उपस्थिती नियमित बनाउन र कक्षा छाड्ने दर घटाउन पुनर्वलको काम गरेको छ । छात्रवृत्तिलाई प्रभावकारी रुपमा वितरण गर्न सम्बन्धित सरोकारवालाहरुको सहभागिताको खाँचो रहेको, छात्रवृत्ति कोटा विद्यार्थी संख्याको आधारमा न्यून रहेको कुरा देखाएको छ (गजुरेलः २०६८) ।

उक्त अनुसन्धानले सिफारिस गरेका कुराहरुमा छात्रवृत्ति वितरण कार्यक्रमको बारेमा सबै सरोकारवालालाई जानकारी गराउनु पर्ने, अभिभावकहरुमा जागरण कार्यक्रम चलाउनु पर्ने, छात्रवृत्ति रकममा वृद्धि गरिनु पर्ने, वर्षको २ पटक गरी छात्रवृत्ति वितरण गर्नु पर्ने, छात्रवृत्ति रकम समयमा नै र नियमित रुपमा वितरण गर्नु पर्ने, दलित छात्रवृत्ति वितरण सम्बन्धि अनुसन्धानहरु हुनुपर्ने, दलित छात्रवृत्ति अन्तरगत दलित जेहेन्दार छात्रवृत्ति व्यवस्था गर्नु पर्ने, दलित छात्रवृत्ति कक्षागत रुपमा फरक हुने गरी निर्धारण गर्नु पर्ने रहेका छन् ।

सेरिड (१९९९)ले छात्रा र सुविधाविहिन सँग सम्वन्धित छात्रवृत्ति कार्यक्रमको अध्ययनमा छात्रवृत्ति वितरण प्रक्रियालाई सम्वन्धित क्षेत्रका समुदायहरुलाइ जागरुक गराइ उनीहरुलाई अनिवार्य सहभागी गराउनु पर्ने सुझाव दिइएको थियो । उक्त अध्ययनमा छात्राहरुको भर्नादर वढ्दै गएको, दलितहरुको भर्नादर ८०.५ प्रतिसत पुगेको , तराईका जिल्लाहरुमा छात्रवृत्ति रकमको दुरुपयोग हुनेगरेको , गैरसरकारि सँघसस्थाहरुको अनुगमन कार्य प्रभावकारी रहेको उल्लेख गरेको पाइयो ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

कुनै पनि अध्ययनलाई सही दिशा प्रदान गर्न र अध्ययनलाई व्यवस्थित वनाउन सहज होस् भन्नका लागि निश्चित सिद्धान्तको आवश्यकता पर्दछ । छात्रवृत्ति वितरण कार्यक्रमले शिक्षण सिकाइमा पारेको प्रभाव भन्ने विषयको अध्ययन निम्न सिद्धान्तमा आधारित रहेको छ ।

मास्लो ( १९४३ ) को अभिप्रेरणाको सिद्धान्त अनुसार मानिसमा यथेष्ट मात्रामा उनीहरुका इच्छा, आवश्यकता र चाहाना हुन्छन् । तिनको प्राप्ति पछि पनि अन्य थप इच्छा आवश्यकता र चाहाना थप भइरहन्छ । मानिसको एक चाहाना पूरा हुन सक्छन् तर चाहाना र आवश्यकताको पूर्णता भने कहिल्यै हुँदैन जुन प्राप्तिका लागि मानिस उत्प्रेरित भइरहन्छ । मानिसमा रहेका अनगिन्ती अप्राप्त चाहानालाई क्रमवद्धताको आधारमा छुट्याउन सकिन्छ ।

उनले मानिसको शारीरिक आवश्यकताबाट सुरक्षात्मक आवश्यकता, सामाजिक आवश्यकता, स्वाभिमानको आवश्यकता र आत्मसन्तुष्टिको आवश्यकता गरी आवश्यकतालाई पाँच श्रेणीमा विभाजन गरेका छन् । विद्यालय भित्रका त्यसमा पनि प्राथमिक तहका विद्यार्थीहरुको आवश्यकताहरु अनगिन्ती हुन्छन् । हाम्रो जस्तो गरिव मुलुकका जनताले शिक्षामा पहुँच वा आवश्यकता भन्दा पनि उनीहरुले आफना परिवारका सदस्यहरुको लागि खाना, छाना र नाना कै आवश्यकता परिपूर्तिमा व्यस्त रहन्छन् । यस्ता अभिभावकले शिक्षा प्राप्तिलाई उच्च तहको आवश्यकता सम्झन्छन् । प्राथमिक उमेर समूहका नानीहरुलाई विद्यालयमा भर्ना गरेता पनि पढाइ लेखाइका लागि आवश्यक शैक्षिक सामाग्री दिन सक्दैनन् फलस्वरुप त्यस्ता विद्यार्थीको उपस्थितीमा ह्रास आई सिकाइ उपलब्धि सन्तोष जनक नरहन सक्छ ( के.सी., २०६० मा उद्धृत) ।

स्किनर ( १९३१ ) का अनुसार कुनै पनि कार्य गर्न प्राणीमा उत्तेजना पैदा हुनु पर्दछ र उक्त उत्तेजना पुनर्वल युक्त हुनु पर्दछ । यस्तो उत्तेजना वाट प्राप्त प्रतिक्रियालाई क्रियाशील बनाई सिकाइ प्राप्त गर्न सकिन्छ । चाहेको व्यवहारमा अभ्यस्त गरी सिकाइको व्यवहारलाई चाहे अनुसारको आकारमा परिवर्तन गर्न सकिन्छ । प्राणीको ठीक व्यवहार ( प्रतिक्रिया ) प्रति ठिक समयमा नै पुनर्वल प्रदान गर्न नसक्दा त्यसको असर नकारात्मक पनि हुन सक्छ । तसर्थ सामान्य परिणामको आँकलन गरी प्रतिक्रिया अनुसार पुनर्वल प्रदान गर्दै रहनु पर्दछ ( शर्मा एण्ड शर्मा, २०६१ मा उद्धृत ) ।

खासगरि सामुदायिक विद्यालयमा प्राथमिक तहमा विद्यार्थी भर्ना भई कक्षा छाड्नेदरमा कमी ल्याई नियमितता वृद्धि गर्नमा स्किनरको यो 'सिद्धान्त' उपयोगी रहेको छ । यो उनीहरुको प्रतिक्रियापरक व्यवहार हो । उसले पठन पाठन प्रक्रिया मै विस्तारै सक्रियता वढाउँदछ । लिभर थिच्ना साथ भोको मुसाले खाना प्राप्त गरेझैं प्रत्येक सफलतामा उनी छात्रवृत्ति पाइरहने आशामा काम गर्दछन् । छात्रवृत्ति कार्यक्रम सुविधाविहीन वर्गका निम्ति उत्तेजना जगाउने पुनर्वल हुन सक्दछ । स्किनरको कार्यपरक सम्वद्ध सिकाइ सिद्धान्तको लगातार पुनर्वल तालिका जस्तै नियमित विद्यालय आउने बालबालिकालाई मात्र छात्रवृत्ति दिन सकिन्छ । निश्चित अवधि भित्र पुनर्वल तालिकाका रुपमा वर्षमा दुई किस्ता गरी छात्रवृत्ति प्रदान गर्न सकिन्छ । अनिश्चित पुनर्वल तालिकामा जस्तै अनुशासित र पठनपाठनमा सक्रिय बालबालिका हरुले जुन सुकै वेला छात्रवृत्ति पाउन सक्छन् ।

थर्नडाइक ( १९१३ ) को सम्वलनको सिद्धान्त अनुसार सकारात्मक सम्वलनले सिकारुलाई सिकाइ प्रति अभिप्रेरित गरी सिकाइका राम्रा वानीहरुको विकासका लागि प्रोत्साहित गर्दछ भने नकारात्मक सम्वलनले सिकाइका राम्रा वानीहरुलाई निरुत्साहित गरी क्रियाशीलता घटाउँदछ । सम्वलन प्राप्त प्रतिक्रियाहरु कुनै परिस्थितिमा दोहोरिन्छन् भने सम्वलन प्राप्त नभएमा प्रतिक्रिया अवरुद्ध हुन्छन् (रेग्मी, श्रेष्ठ, अर्याल र खनाल, २०६३ मा उद्धृत ) ।

समाजमा रहेका दलित, अपाङ्ग, अति सीमान्तकृत, लोपोन्मुख र गरिव छात्र छात्रालाई छात्रवृत्ति रकमले सकारात्मक सम्वलनको काम गर्दछ फलस्वरुप उनीहरु नियमित रुपमा विद्यालय जाने, कक्षा नछाड्ने गर्दछन् । छात्रवृतिले उद्धीपकको काम गरी सिकाइमा सकारात्मक प्रभाव पार्दछ । थर्नडाइकको कुकुर माथि गरिएको प्रयोग मानिसमा पनि लागु हुन सक्छ । यस सिद्धान्त अनुसार प्रयासहरु दोहोरिइरहन र वानी निर्माण गर्न छात्रवृतिलाई सकारात्मक सम्वलनको रुपमा लिन सकिन्छ ।

## २.३ पुनरावलोकनको उपादेयता

प्रस्तुत शोध पत्रका लागि माथि उल्लेखित सम्बन्धित साहित्यको पुनरावलोकन र अध्ययनको सैद्धान्तिक खाकाको माध्यमवाट ठूलो सहयोग पुगेको छ । सैद्धान्तिक खाकामा विभिन्न दार्शनिकहरुद्वारा प्रतिपादित सिद्धान्तहरुको विस्तृत अध्ययन र स्थापित सिद्धान्तहरुले वनाएका मूलभूत पक्षहरुको अध्ययन गर्दछ । प्राथमिक तहमा छात्रवृत्ति सम्बन्धि भए गरेका व्यवस्था उपलब्धिमा सवल एवं कमजोर पक्षहरु, अवसर र चुनौतिहरु लगाएतका क्षेत्रमा थप नयाँ धारणाहरुको खोजी गर्ने आधार प्रदान गरी अध्ययनलाई सहि वाटोमा अघि वढाउन सहयोग प्रदान गर्दछ । माथि उल्लेखित सम्बन्धित साहित्यको पुनरावलोकनले शिक्षा क्षेत्रमा शैक्षिक उपलब्धि हासिल गर्नका लागि सहयोग गरेको छ । उक्त अध्ययनले विभिन्न विद्वानहरुद्वारा लेखिएका लेख, रचना, पुस्तक, अनुसन्धानको अध्ययन वाट शोध कर्तालाई विभिन्न किसिमको ज्ञान, सीप र क्षमतामा वृद्धि हुने हुँदा पनि उसलाई यस कार्यमा अगाडि वढ्न थप उत्साहित पारेको छ । सम्वन्धित साहित्यको पुनरावलोकन र अध्ययनको सैद्धान्तिक खाकाले शोध कार्यलाई सहज, सरल र क्रमवद्ध ढंगले अगाडि वढाउन सहयोग पुऱ्याएको छ । उपरोक्त अध्ययनले शोधकार्यको प्रभावकारिता र कार्यन्वयनका लागि योजना तयार गर्न, व्यवस्थापन गर्न र कार्यन्वयनका विभिन्न पक्षलाई दिशा निर्देश गर्न स्पष्ट रुपमा मार्ग प्रदान

गरेको छ । यसले सम्बन्धित क्षेत्रमा भए गरेका कार्य, त्यसको प्रभाव र थाहा पाउन बाँकी खोजका विषयहरुको पहिचान गर्ने कार्यमा सहयोगि रहेको छ । यसबाट यो अनुसन्धानात्मक कार्यको उपयुक्त ढाँचा निर्माण गर्न, छात्रवृत्तिसँग सम्बन्धित वास्तविक सरोकारवालाहरूको पहिचान गरी जनसंख्या र नमुनाको आकार निर्धारण गर्न एवं उपयुक्त अनुसन्धानका साधनको निर्माण गरी प्राप्त तथ्याङ्हरूको व्याख्या विश्लेषणको आधार समेत प्रदान गरेको छ ।

# परिच्छेद तीन : अध्ययन विधि

## ३.१ अनुसन्धानात्मक ढाँचा

शोधकार्यलाई पूरा गर्नको लागि दुई वटा अनुसन्धानात्मक ढाँचाको प्रयोग गरिएको छ। छनौटमा परेका विद्यालयहरुबाट प्राप्त तथ्याङ्कहरुका साथै कुनै अवस्था प्रक्रियामा समस्या तथा घटनाको व्याख्या विश्लेषण शाब्दिक रुपमा गरिने गुणात्मक ढाँचा र कुनै विषयवस्तु तथा मुद्दा संग सम्बन्धित संख्यात्मक मूल्यमा आधारित संख्यात्मक ढाँचा समेत गरी मिश्रित अनुसन्धान ढाँचाको प्रयोग गरिएकोछ।

## ३.२ जनसंख्या र नमुनाको आकार

यस अध्ययनका लागि मोरङ जिल्ला दादर वैरिया श्रोत केन्द्र अन्तरगत पर्ने ६ वटा गा.वि.स. का सामुदायिक विद्यालयमा कार्यरत प्र.अ., शिक्षकहरु, विद्यार्थीहरु, अभिभावकहरु, वि.व्य.स. पदाधिकारीलाई नमुनाको कूल जनसंख्याको रुपमा लिएको छ।

मोरङ जिल्ला दादर वैरिया श्रोत केन्द्र अन्तरगत ६ वटा गा.वि.स.मा रहेका ३८ वटा सामुदायिक विद्यालय मध्ये नमुनाको रुपमा छनौटमा परेका प्रत्येक गा.वि.स. का १।१ वटा विद्यालयका प्र.अ. हरु ६ जना, वि.व्य.स. अध्यक्ष ६ जना, जम्मा विद्यार्थी १०० जना शिक्षक ४५ जना अभिभावक २७ जना र उक्त स्रोत केन्द्रका श्रोत व्यक्ति नमुनाको आकारको रुपमा लिइएका छन्।

### ३.२.१ नमुना छनौट विधि

मोरङ जिल्ला दादरवैरिया श्रोत केन्द्र अन्तरगतका सामुदायिक विद्यालयहरु मध्येवाट प्रत्येक गा.वि.स.बाट कम्तीमा १ विद्यालय पर्ने गरी संभावनायुक्त नमुना छनौट विधिबाट ६ वटा विद्यालयहरू, विद्यालयका प्र.अ., वि.व्य.स. अध्यक्ष, शिक्षक, विद्यार्थी र अभिभावकहरूलाई उद्देश्यमूलक विधिबाट छनौट गरिएको छ।

### ३.२.२ नमुना छनौटको आधार

सुगमता, आर्थिक मितव्ययिता, जातियता, भौगोलिकता, विश्वसनीयता, वैधता, समावेसी र सूचना प्राप्त गर्न सहज र सजिलो, सवै वर्ग लिङ्गको प्रतिनिधित्व हुने गरी उदेश्यात्मक छनौट विधिका आधारमा नमुना छनोट गरिएकोछ।

## ३.३ अनुसन्धानका साधनहरु

यस अध्ययनमा नमुनामा परेका विद्यालयमा प्र.अ., वि.व्य.स. प्रतिनीधि, अभिभावक, विद्यार्थी र शिक्षकका लागि आवश्यकता अनुसार निम्नलिखित अनुसन्धान साधनहरुको प्रयोग गरिएकोछ ।

### ३.३.१ प्रश्नावली

अनुसन्धानका साधनहरूमा प्रश्नावलीलाई शिक्षक, प्र.अ., अभिभावक तथा विद्यार्थी वीचमा प्रश्नावलीको नमुना प्रदान गरिएको छ । जसलाई अनुसूची ३ देखि ८ सम्ममा प्रस्तुत गरिएको छ ।

### ३.३.२ अभिलेख / दस्तावेज अध्ययन

सम्बन्धित विद्यालयमा रहेका अभिलेखहरू दस्तावेजहरू अध्ययन गरिएकोछ । यसमा छनौटमा परेका विद्यालयहरुले भरेका फ्लास एक र फ्लास दुई ,छात्रवृत्ति वितरण गर्दा छनौटमा परेका विद्यार्थीको विवरण र उनीहरुको परीक्षाफलको अभिलेख आदिलाई समावेस गरिएको छ ।

### ३.३.३ अन्तरवार्ता प्रश्नावली

शिक्षक, विद्यार्थी, अभिभावक, वि.व्य.स. अध्यक्ष र स्रोतव्यक्तिका लागि अन्तरवार्ता प्रश्नावली निर्माण गरि स्वहीका आधारमा अन्तरवार्ता संचालन गरियोक ।

### ३.३.४ अवलोकन फारम

अध्ययनका उद्देश्य प्राप्तिको लागि अनुसूची २ मा भएको अवलोकन फारम प्रयोग गरी तथ्यांक सङ्कलन गरियो ।

### ३.३.५ साधनको वैद्यता

वैद्य साधनबाट वैद्य सूचना र जानकारीहरु प्राप्त गर्न सकिन्छ । अनुसन्धानलाई वैद्य वनाउनका लागि अनुसन्धानको क्रममा प्रयोग गरिएका साधनहरुलाई वैद्य वनाउनुपर्दछ । यस अनुसन्धानलाई वैद्य बनाउनका लागि उक्त अनुसन्धानको लागि तोकिएको वा आपनो शोध पत्र निर्देशक ज्यू सँग छलफल गरिएको छ । विषय विशेषज्ञ ज्यूहरु सँग छलफल, शोध कर्ताभन्दा अग्रज विद्यार्थी सँग छलफल गरिएकोछ जसले अगावै शोधपत्र गरेको हुन्छ । उक्त छलफल निष्कर्ष र सुझावका आधारमा पुनर्लेखन

गरिएको छ । साथै आवश्यक परेमा स्रोतको रुपमा पुरानो शोधपत्रलाई समेत अध्ययन गरिएको थियो ।

## ३.४ तथ्याङ्कका स्रोतहरु

### ३.४.१ प्राथमिक स्रोत

अनुसन्धानका क्रममा प्राथमिक स्रोत अन्तरगत संम्बन्धित अध्ययन क्षेत्रका सरोकारवाला उत्तरदातालाई अनुसन्धान कर्ताले आफै भेट गरी अन्तरवार्ता, प्रश्नावली र अवलोकन वाट प्राप्त सूचना प्रयोग गरिएको छ ।

### ३.४.२ द्धितिय स्रोत

द्धितिय स्रोत अन्तरगत विभिन्न दस्तावेजको अध्ययन लेख रचना, समिक्षा, पत्रपत्रिकाशैक्षिक तथ्याङ्कहरु, स्थानीय निकाय वाट प्राप्त तथ्याङ्कहरु, निर्णय पुस्तिका, शिक्षा ऐन र नियमावली, जर्नल, पत्रपत्रिका छात्रवृत्ति निर्देशिकाको समेत उपलब्धता अनुसार प्रयोग गरिएको छ ।

## ३.५ तथ्याङ्क संकलन प्रक्रिया

तथ्याङ्कका स्रोतबाट प्राप्त तथ्याङ्क संकलन गर्ने क्रममा सम्बन्धित विद्यालयका प्र.अ. हरु , शिक्षकहरु तथा वि.व्य.स.  पदाधिकारी, अभिभावक र विद्यार्थीहरुलाई प्रश्नावली भराइयो तथा अन्तरवार्ता र छलफल गराइयो  । विद्यालय र स्थानीय निकायवाट समेत तथ्याङ्क तथा दस्तावेज प्राप्त गरी त्यस वाट अध्ययनलाई पूर्णता प्रदान गरिएको छ । तथ्याङ्क संकलन गर्ने कममा अनुसन्धानकर्ता स्वयंनै विद्यालयमा पुँगे । विद्यालय पुग्दा सरोकारवालासँग भेट नहुँदा मोवाइल फोनको प्रयोग बाट समेत तथ्याङ्क संकलन गरिएको छ । विद्यालय भ्रमणका क्रममा शिक्षकहरुले प्रयोगगर्ने गरेका डायरी समेतबाट तथ्याङ्क संकलन गरिएको छ । विद्यालयका प्र.अ.हरुसँग भेटघाट गरि शिक्षक ,विद्यार्थी र अभिभावक समेतको भेला गराई छलफल र प्रश्नावलीहरु भराउने कार्य गरियो ।

## ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया

प्रश्नावली, अन्तरवार्ता, प्रत्यक्ष अवलोकन र अभिलेख वाट प्राप्त तथ्याङ्कहरुलाई शुरुमा तालिकामा देखाई विश्लेषण गरिएको छ । त्यस पछि तथ्याङ्क शास्त्रीय विधि अन्तरगत प्रतिशतमा देखाई स्तम्भ चित्रमा राखी गुणात्मक र परिमाणात्मक तरिकाले व्याख्या विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

# परिच्छेद चार : तथ्याङ्कको विश्लेषण  तथा व्याख्या

यस परिच्छेदमा प्राप्त परिमाणात्मक तथा गुणात्मक तथ्याङ्कहरूलाई आवश्यकता अनुसार समूहीकरण, वर्गीकरण एवम् तालिकीकरण गरेर परिमाणात्मक तथा गुणात्मक ढंगले तोकिएको उद्देश्य अनुसार व्याख्या विश्लेषण गरिएको छ। विश्लेषणका क्रममा प्राप्त तथ्यहरूलाई उद्देश्य, सिद्धान्त र पूर्व साहित्यको अध्ययनबाट प्राप्त अनुभवलाई समेत ध्यान दिइएको छ। परिमाणात्मक तथ्याङ्कले देखाउन नसकेका महत्वपूर्ण तथ्यहरू वर्णनात्मक ढङ्गले व्याख्या विश्लेषण गरिएको छ।

## ४.१ छात्रवृत्ति वितरण प्रक्रिया

हरेक विद्यालयले आफ्नो विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूको तथ्याङ्क प्रत्येक वर्ष फ्लास-१ र फ्लास २ भरी जि.शि.का मा पठाउने गरेको हुन्छ। उक्त भरिएका फ्लास-१ र फ्लास २ बाट निर्धारण गरी सम्बन्धीत विद्यालयमा छात्रवृत्तिको प्रकार र संख्या निर्धारण गरी सम्बन्धित विद्यालयमा छात्रवृत्ति रकम पठाउँदछ। छात्रवृत्ति वितरण प्रक्रियाको अध्ययन गर्दा छनौटमा परेका विद्यालयहरूको विद्यार्थी विवरण निम्नानुसार रहेको पाइयो।

तालिका १ : प्रथमिक तह (१-५) को विद्यार्थी विवरण


| क.स. | विद्यालयको नाम | जम्मा विद्यार्थी सङ्ख्या | | |
|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा |
| १. | श्री सर्वोदय उ.मा.वि. कदमाहा | १२९ | १२५ | २५४ |
| २. | श्री कालिका प्रा.वि. दादर वैरिया | १५६ | ३७ | १९३ |
| ३. | शारदा मा.वि. सोराभाग | १३८ | २९० | ४२८ |
| ४. | जनता उ.मा.वि. अमाहीवरियाती | ३८७ | ११६ | ५०३ |
| ५. | दुर्गा प्रा.वि. नोचा | १०३ | ८५ | १८८ |
| ६. | महेन्द्र नि.मा.वि. ववियावीर्ता | २२६ | १६५ | ४०२ |

स्रोत : विद्यालय अभिलेख, २०६९

उपरोक्त तालिकालाई विश्लेषण गर्दा अध्ययनमा परेका ६ वटा विद्यालयहरू मध्ये प्राथमिक तह (१-५) मा सबैभन्दा बढी विद्यार्थी जनता उ.मा.वि. अमाहिवरियातीमा ५०३ जना र सबैभन्दा कम विद्यार्थी दुर्गा प्रा.वि. नोचामा १८८ जनामात्र प्राथिमक तहमा रहेको पाइयो।

छात्र छात्राको संख्यालाई हेर्दा शारदा मा.वि. सोरामागमा मात्र छात्र भन्दा छात्राको संख्या बढी रहेको पाइयो भने अध्ययनमा परेका अन्य विद्यालयमा छात्र भन्दा छात्राको संख्या कम रहेको पाइयो ।

चित्र १ : अध्ययनमा परेको विद्यालयहरूको विद्यार्थी विवरण




४.१.१ छात्रवृत्ति वितरणको समय

मोरङ्ग जिल्लाको दादरवैरिया स्रोत केन्द्र अन्तरगतका ६ वटा विद्यालयलाई यो शोध अध्ययनको केन्द्रमा राखी अध्ययन गर्ने क्रममा छात्रवृत्ति वितरण प्रक्रियामा छात्रवृत्ति वितरण गर्ने समयको महत्वपूर्ण भूमिका रहेको हुँदा जुन सुकै काम पनि ठीक समयमा गर्दा मात्र त्यसको उपलब्धि वढी हुने हुँदा छात्रवृत्ति वितरण प्रक्रियाको अध्ययन गर्दा समयको पनि अध्ययन गर्नु पर्ने हुँदो रहेछ । कुनै पनि वस्तुको मूल्य एक निश्चित समयमा मात्र वढी (महत्वपूर्ण) हुन्छ । छात्रवृत्ति प्राप्त गर्ने र त्यस संग सम्वन्धित सरोकारवालाहरु संगको छलफल, अन्तरक्रिया, प्रत्यक्ष भेटघाट र भराइएको प्रश्नावलीको आधारमा धेरै जसो छात्रवृत्ति शैक्षिक सत्रको सुरुमा वितरण गर्ने गरेको पाइयो । अध्ययनमा परेका कतिपय विद्यालयले शैक्षिक शत्रको मध्यमा आएर छात्रवृत्ति वितरण गरेको पाइएको छ भने केहीलेत शैक्षिक सत्रको अन्त्यमा पनि वितरण गरेको देखिन्छ । किन यसरी अन्त्यमा वितरण गर्ने गर्नु भएको ? भनी प्रश्न गर्दा सुरुमै छात्रवृत्ति वितरण गरिएमा विद्यार्थीहरु छात्रवृत्ति बुझ्ने पछि विद्यालयमा नआउने विचैमा कक्षा छाड्ने, अन्तिम परीक्षामा मात्र सामेल हुने गरेकोले यसो गर्नु परेको भन्ने जवाफ पाइएको छ । अध्ययनमा परेका ६ वटा विद्यालयहरु मध्ये क कसले कहिले कहिले छात्रवृत्ति वितरण गर्ने गरेका छन् ? भन्ने कुरालाई तालिका ५ वाट स्पष्ट पारिएको छ ।

तालिका २ :  छात्रवृत्ति वितरणको समय

| समय | विद्यालय |
|---|---|
| शै.स.को.सुरुमा<br>शै.स.को मध्यमा<br>शै.सत्रको अन्त्यमा | जनता उ.मा.वि., महेन्द्र नि.मा.वि., शारदा मा.वि.<br>कालिका प्रा.वि., दुर्गा प्रा.वि.<br>सर्वोदय उ.मा.वि., |

स्रोत : विद्यालय अभिलेख, २०६९

तालिका २ को अध्ययन गर्दा ६ मध्ये ३ वा ५०% विद्यालयले छात्रवृत्ति वितरण शै.स. को सुरुमा गर्ने गरेका छन् भने २ वा ३३% ले शै.स. को  मध्यमा र एउटा १७% ले शै.स. को अन्त्यमा छात्रवृत्ति वितरण गरेका छन् । स्थलगत सर्वेक्षणका आधारमा प्राप्त तथ्यांकलाई निम्न तालिकामा राखी छात्रवृत्ति वितरणको उपयुक्त समयको विश्लेषण गरिएको छ ।

तालिका ३ : छात्रवृत्ति वितरणको समयका सम्बन्धमा सरोकारवालाको भनाइ

| समय | शिक्षक | विद्यार्थी | प्र.अ. | अभिभावक |
|---|---|---|---|---|
| शै.स. को सुरुमा | ३० | ६० | ३ | १८ |
| शै.स. को मध्यमा | १० | २५ | २ | ६ |
| शै.स. को अन्त्यमा | ५ | १५ | १ | ३ |
| जम्मा | ४५ | १०० | ६ | २७ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९

उपरोक्त तालिकालाई विश्लेषण गर्दा विद्यालयहरुमा छात्रवृत्ति रकम कुन समयमा वितरण गर्दा उपयुक्त हुन्छ भनी सोधिएको प्रश्नमा ६६.६६% शिक्षक, ६०% विद्यार्थी, ५०% प्र.अ. र ६६.६६% नै अभिभावकले शैक्षिक सत्रको सुरुमा वितरण गर्नु उपयुक्त हुन्छ भन्ने उत्तर दिएको पाइयो । शैक्षिक सत्रको मध्यमा वितरण गर्नु उपयुक्त हुन्छ भन्नेमा २२.२२% शिक्षक, २५% विद्यार्थी, ३३.३३% प्र.अ. र २२.२२% अभिभावकहरु रहेका थिए  भने शैक्षिक सत्रको अन्त्यमा वितरण गरिनु उपयुक्त हुन्छ भन्नेमा ११.११% शिक्षक, १५% विद्यार्थी, १६.६६% प्र.अ. र ११.११% अभिभावकहरु रहेका थिए ।

यस वाट छात्रवृत्ति वितरण कार्य शैक्षिक सत्रको सुरुमै गर्नु उपयुक्त हुने देखिन्छ । शैक्षिक सत्रको सुरुमा वितरण गरिएको छात्रवृतिले विद्यार्थीहरुको पठन पाठनमा सहयोग पुग्ने देखिन्छ । अर्थ अभावले विद्यालय पोसाक र अन्य स्टेसनरी सामाग्री खरिद गर्नमा समेत छात्रवृतिले सहयोग गर्ने हुँदा शैक्षिक सत्रको सुरुमा वितरण गरिने छात्रवृतिले विद्यार्थीलाई विद्यालयमा भर्ना गर्न हौसला समेत प्रदान गर्दछ भन्नेमा धेरै सरोकारवालाको मतैक्यता रहेको पाइयो ।

### ४.१.२ छात्रवृत्तिको प्रकार

नेपाल सरकारले विद्यालय तहमा प्राथमिकदेखि माध्यमिक तहसम्म विभिन्न खाले छात्रवृत्ति प्रदान गर्ने गरेको छ । यस्ता छात्रवृत्तिहरूमा बालिका छात्रवृत्ति, दलित छात्रवृत्ति, अपाङ्ग छात्रवृत्ति र सीमान्तकृत छात्रवृत्ति रहेका छन् । दुर्गम क्षेत्रमा अध्ययनरत बालबालिकाहलाई समेत छात्रवृत्तिको व्यवस्था गरिएको छ । विकट पहाडी क्षेत्र जस्तै कर्णाली अञ्चलमा विद्यालय तहमा अध्ययन गर्ने बालबालिकालाई कुनै न कुनै रुपमा छात्रवृत्ति दिई विद्यालय जाने अवस्थाको सृजना गरिएको छ । यसरी प्राप्त भएका विभिन्न प्रकारका छात्रवृत्तिलाई विद्यालयले नगद वा जिन्सीका रुपमा प्रदान गरेको पाइयो । अध्ययनमा परेका विद्यालयहरूको छात्रवृत्तिका प्रकारलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ४ : छात्रवृत्तिको प्रकार (प्राथमिक तह १-५)

| क्र. स. | विद्यालयको नाम | वितरण गरिएको छात्रवृत्तिको प्रकार | | |
|---|---|---|---|---|
| | | नगद | जिन्सी | दुवै |
| १ | सर्वोदय उ.मा.वि. कदमाहा | नगद | | - |
| २ | कालिका प्रा.वि. दादर वैरिया | - | झोला र स्टेशनरी | - |
| ३ | शारदा मा.वि. सोराभाग | - | विद्यालयको पोषाक र स्टेशनरी | - |
| ४ | जनता उ.मा.वि. अमाहीवरियाती | - | विद्यालयको पोषाक र स्टेशनरी | - |
| ५ | दुर्गा प्रा.वि. नोचा | नगद | - | - |
| ६ | महेन्द्र नि.मा.वि. ववियावीर्ता | नगद | - | - |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९

विभिन्न विद्यालयका प्रधानाध्यापकसंग सोधपुछ गर्दा सर्वोदय , दुर्गा प्र.वि. र महेन्द्र नि.मा.विद्यालयमा छात्रवृत्ति रकम नगदै वाड्ने गरेको र कालिका प्रा.वि. ले जिन्सीमा झोला र स्टेसनरी वितरण गर्ने गरेको पाइयो भने शारदा मा.वि. र जनता उ.मा.वि. ले छात्रवृत्ति रकममा विद्यालयले समेत थप गरी विद्यालय पोशाक र स्टेसनरी सामाग्रीको वितरण गर्ने गरेको पाइयो । दलित छात्रवृत्ति कक्षा (१–८) मा प्रति विद्यार्थी रु ३८०।- वालिका छात्रवृत्ति कक्षा (१–८) मा प्रति विद्यार्थी रु ४००।- का दरले शिक्षा कार्यलयवाट प्राप्त हुने गरेकोमा बालिका छात्रवृत्ति र दलित छात्रवृत्ति विद्यालयमा भर्ना भएको आधारमा सवैले प्राप्त गर्ने गरेको तर ढिलो भर्ना भएकालाई रकम निकासा नहुँदा विद्यालयकै स्रोतवाट कतिपयले दिने गरेको पाइयो । अपाङ्ग र सीमान्तकृत छात्रवृत्ति रकम शिक्षा कार्यलयको निकासा अनुसार नै दिने गरेको पाइएको छ । यस्तो छात्रवृत्ति रकम अध्ययनमा परेका ६ वटा विद्यालय मध्ये एउटा मात्र विद्यालय श्री महेन्द्र नि.मा.वि. ले वितरण गरेको छ ।

छात्रवृत्ति वितरण गर्दा कतिपय विद्यालयहरुले वि.व्य.स. का पदाधिकारी र शिक्षकहरुको उपस्थितिमा अभिभावकहरु बोलाई सामूहिक रुपमा वितरण गर्ने गरेको पाइयो भने कतिपय विद्यालयहरुले वर्ग शिक्षकको सहयोगमा प्रत्येक कक्षामा व्यक्तिगत रुपमा छात्रवृत्ति वितरण गरेको पाइयो । छात्रवृत्ति वितरण प्रक्रिया कस्तो हुनु पर्छ भनी गरिएको मत सर्वेक्षणमा धेरैको राय सामूहिक रुपमा वितरण गर्दा प्रभावकारी हुने, विद्यालय भर्ना नभएका बालबालिकाका अभिभावक सम्म जानकारी पुग्न सक्ने, निरक्षर अभिभावकहरुमा समेत छात्रवृत्ति प्राप्त गर्ने अभिलाषाले विद्यालय पठाउने गर्दछन् भन्ने देखियो भने केहीले व्यक्तिगत रुपमा विद्यार्थीलाई नै पोसाक वा अन्य स्टेसनरी दिदा राम्रो हुने भन्ने गरेको पाइयो भने केहिले नगदै दिदा आवश्यकता अनुसार खर्च गर्न सकिने राय व्यक्त गरे । छात्रवृत्ति वितरण प्रक्रियामा शिक्षकलाई वढी जिम्मेवार बनाई विद्यालय नआउने नानीहरुलाई घरदैलो कार्यक्रम मार्फत विद्यालयको ढोका सम्म ल्याई विद्यालय शिक्षामा सवैको पहुँच पुऱ्याउने जस्ता कार्यक्रमहरु पनि केही विद्यालयहरुले गर्ने गरेको पाइयो ।

४.१.३ छात्रवृत्ति प्राप्तिमा अभिभावकहरूको सहभागिता/ चासो

विद्यालयले वितरण गर्ने छात्रवृत्ति रकम सम्बन्धमा धेरै जसो अभिभावकहरू सचेत रहेको पाइयो । छात्रवृत्ति रकम कसलाई दिन उपयुक्त होला ? भनी विद्यार्थीहरूको अभिभावक (आमा/बुबा) शिक्षकलाई सोधिएको प्रश्नमा प्राप्त उत्तरका आधारमा छात्रवृत्ति प्राप्तिमा रहेको मनोवैज्ञानिक पक्षको समेत व्याख्या गरिएको छ । उपरोक्त प्रश्नबाट प्राप्त उत्तरलाई निम्न तालिकामा राखिएको छ ।

तालिका ५ : छात्रवृत्ति प्राप्तिका सम्बन्धमा विद्यार्थी शिक्षक र अभिभावकको भनाई

| | विद्यार्थीलाई | बाबुलाई | आमालाई | शिक्षकलाई | अन्यलाई |
|---|---|---|---|---|---|
| विद्यार्थी | ४२ | २० | ३० | ०५ | ०३ |
| शिक्षक | १० | १५ | २० | ०० | ०० |
| बाबु | ५ | ७ | ३ | ०० | ०० |
| आमा | ६ | २ | ४ | ०० | ०० |

उपरोक्त तालिकालाई विश्लेषण गर्दा ४२% विद्यार्थीले छात्रवृत्ति रकम आफैले प्राप्त गर्न पाउनु पर्ने राय व्यक्त गरे भने ३ प्रतिशत विद्यार्थीले अन्य कसैले बुझे पनि फरक नपर्ने भन्ने जवाफ दिए । शिक्षकहरूलाई सोधिएको प्रश्नमा ४४.४४ प्रतिशत शिक्षकले विद्यार्थीको आमालाई दिनु पर्ने क्रमशः ३३.३३ प्रतिशतले बुबालाई र २२.२२ प्रतिशतले विद्यार्थी स्वयंलाई दिदा उपयुक्त हुने भन्ने अभिमत जाहेर गरेको देखिन्छ । त्यस्तै ४६.६६ प्रतिशत विद्यार्थीका बाबुहरूले आफैले छात्रवृत्ति रकम प्राप्त गर्नु पर्ने भनेको पाइयो भने ५० प्रतिशत आमाहरूले चाहि विद्यार्थी स्वयमलाई नै छात्रवृत्ति रकम वितरण गर्दा उपयुक्त हुने राय व्यक्त गरेको पाइयो । माथिको तालिकामा प्राप्त तथ्याङ्कको विश्लेषणलाई मनोवैज्ञानिक रुपमा हेर्दा छात्रवृत्ति रकम सकभर आफैले प्राप्त गर्न पाएमा आफ्नै किसिमले खर्च गर्न सकिन्थ्यो, मन लागेको सामग्री किन्न र खानेकुरा खान पाइन्थ्यो भन्ने देखिन्छ भने शिक्षकले आमालाई दिएमा फूर्मासी नगर्ने, आफ्नो बालबालिकाको अध्ययन मै खर्च गर्न सक्ने देखिन्छ भने ४६.६६ प्रतिशत बुबाहरू आफ्नो नानीहरूको सम्पूर्ण व्यवस्थापन आफैले गर्नु पर्ने हुँदा छात्रवृत्ति रकम पनि आफैले पाउनु पर्ने राय व्यक्त गर्छन भने ५० प्रतिशत आमाहरूको धारणा चाहीं

बच्चालेनै लेओस र आफूलाई लागेको वस्तु किनोस् भनी बढी माया-ममता देखाउन विद्यार्थीलनै बुझ्नु उपयुक्त हुने धारणा व्यक्त गरेको पाइयो ।

४.१.४ छात्रवृत्ति वितरणमा शिक्षकहरूको संलग्नता

विद्यालयमा प्राप्त हुने छात्रवृत्ति वितरणमा धेरै शिक्षकहरूले खासै चासो राखेको देखिएन । कतिपय शिक्षकले छात्रवृत्ति वितरण निर्देशिकामा अनभिज्ञता जाहेर गरेको पाइयो । विद्यालय प्रसासनसँग सामिप्यता राख्ने शिक्षकहरूले भने छात्रवृत्ति वितरणमा केही चासो राख्ने गरेको  पाइयो । अध्ययनमा परेका विद्यालयका शिक्षकहरूसँग गरिएको प्रश्नावलीबाट प्राप्त उत्तरका आधारमा हेर्दा विद्यालयलाई प्राप्त छात्रवृत्ति कोटा कस्तो छ ? भनी गरिएको प्रश्नमा धेरै शिक्षकहरूले छात्रवृत्ति सम्बन्धमा विस्तृत जानकारी नभएको व्यवस्थापन समिति र प्र.अ. को मिलेमतोमा छात्रवृत्ति वितरण गर्ने गरेको हुँदा यस सम्बन्धमा बढी जानकारी आफूसँग नरहेको बताए भने केही वर्ग शिक्षकहरूले चाहीँ हामीलाई प्र.अ.ले भने बमोजिम छात्रवृत्ति रकमलाई नगदै वा जिन्सीका रुपमा कहिले नगदै र कहिले जिन्सी अभिभावकको उपस्थिति र कहिले काँही उनीहरूको अनुपस्थितिमै वितरण गर्ने गरेको बताए । छात्रवृत्तिको प्रभाव कस्तो रहेको पाउनु भएको छ ? भनी सोधिएको प्रश्नमा यसको प्रभाव थोरै भए पनि सकारात्मक रहेको पाइएको छ भन्ने जवाफ पाइयो । आर्थिक रुपले विपन्नलाई छात्रवृत्तिले सकारात्मक सम्बलनको कार्य गरेको तर जातीय रुपमा बाँडिले छात्रवृत्ति वा जिन्सीमा वितरण गरिने झोलामा दलित छात्रवृत्तिबाट प्राप्त लेखिएकोमा विद्यार्थीहरूमा दलितको परिचय पाइने हुँदा त्यसको नकारात्मक असर परी यस्ता झोलाहरू नबोक्ने गरेको हुँदा नगदै रकम दिँदा वा छात्रवृत्ति वापत पाएको नभनी दिदा मनोवैज्ञानिक रुपले उनीहरूमा नकारात्मक असर नपरी सिक्ने कार्यमा अरू सरहनै सिकाइउपलब्धि बढाउँदै जान सक्ने देखियो ।

छात्रवृत्ति कार्यक्रमलाई प्रभावकारी बनाउने उपयाहरू के के होलान भनी गरिएको प्रश्नमा विद्यालय प्रशाससनले वेलैमा छात्रवृत्ति रकम जि.शि.का. सँग माग गरी वितरण गर्नु पर्ने विद्यार्थी सख्यामा अपुग हुने गरी छात्रवृत्ति रकम आएको भनी दामासहिले वितरण गर्न नहुने, जसका नाममा रकम आउँछ उसैलाई दिनु पर्ने जस्ता कुराहरू औंल्याँइएका थिए ।

४.१.५ छात्रवृत्तिको लागि विद्यार्थीको छनौट प्रक्रिया

छात्रवृत्ति प्राप्त गर्नु विद्यार्थीका लागि सौभाग्य ठहरिन्छ। छात्रवृत्ति प्राप्तिको लागि राज्यद्धारा तोकिएका छात्रवृत्ति बाहेक विद्यालयले आफ्नै स्रोत साधन र अन्य स्थानीय अभिभावकहरूले अक्षय कोष स्थापना गरेर समेत केही छात्रवृत्ति प्रदान गर्ने गरेको पाइयो। यस्तो छात्रवृत्ति छनौटका विभिन्न आधारहरू रहेका छन्। त्यस्ता आधारहरू मध्ये राज्यले प्रदान गर्ने छात्रा छात्रवृति, दलित छात्रवृत्ति, अपाङ्ग छात्रवृति, सिमान्तकृत छात्रवृत्तिलाई छनौटमा परेका विद्यालयहरूमा वितरण गर्ने गरेको पाइयो। यस्ता छात्रवृत्तिहरूलाई निम्न तालिकामा राखि व्याख्या र विश्लेषण गरिएको छ।

तालिका ६ : प्राथमिक तहमा छात्रवृत्ति वितरणको स्वरुप

| क्र. स. | विद्यालय | छात्रवृतिको किसिम | | | |
|---|---|---|---|---|---|
| | | दलित | वलिका | अपांग | सीमान्तकृत |
| १. | श्री सर्वेदय उ.मा.वि. | ६२ | १२० | | |
| २. | श्री कालिका प्रा.वि. | १११ | ३२ | | |
| ३. | श्री शारदा मा.वि. | ९५ | २५० | | |
| ४. | श्री जनता उ.मा.वि. | २१२ | ११० | | |
| ५. | श्री दुर्गा प्रा.वि. | ६० | ८० | | |
| ६. | श्री महेन्द्र नि.मा.वि. | १७७ | १७० | ६ | ५ (माझी) |

स्रोत : विद्यालय अभिलेख, २०६९

यस बाहेक सर्वोदय उ.मा.वि. मा विद्यालयका पूर्व अध्यक्ष स्व. मोहनराज पाण्डेद्धारा वहाको पिता माताको स्मृतिमा मीनतारा छात्रवृत्तिका नामले प्रत्येक वर्ष विद्यालयको माध्यमिक तहमा उच्चतम अंक ल्याउने कक्षा ९ र १० का विद्यार्थी मध्ये २ जनालाई रु १०००।- प्रतिवर्षका दरले दिइदै आएको भएता पनि विगत २ वर्षदेखि उक्त छात्रवृत्ति प्रदान नगरिएको पाइयो।

छात्रवृत्ति छनौटका आधारहको पहिचान गर्ने क्रममा विद्यालयका प्रधानाध्यापक र वि.व्य.स. अध्यक्षसँग प्रत्यक्ष सम्पर्क गर्दा तोकिएका व्यक्ति दलित, अपाङ्ग,

सिमान्तकृत र बालिकाका लागि विद्यालयको अभिलेख अनुसार जि.शि.काबाट प्राप्त रकम वितरणमा कुनै पक्षपता नगरिएको विना भेदभाव छात्रवृत्तिलाई समयानुकुल वितरण गर्ने गरेको भन्ने जानकारी प्राप्त भयो । केही प्र.अ. हरूले विद्यालय स्रोतले गरिव तथा जेहेन्दार विद्यार्थीको पहिचान गरी केही रकम छात्रवृत्ति स्वरुप वितरण गर्ने गरेको पाइयो, यसरी वितरण गर्ने छात्रवृत्तिमा त्यस्ता विद्यार्थीहरू जो गरिब छन त्यसको प्रमाण आफू बसोबास गरेको गा.वि.स.को सिफारिसबाट भएकाले छनौट प्रक्रियामा कुनै भेदभाव नगरेको र जेहेन्दार विद्यार्थीको छनौट विद्यालय अभिलेख अनुसार नै विद्यार्थीको मूल्याङ्कन गर्दा प्राप्त गरेको अंकको आधारमा कक्षामा प्रथम, दोस्रो गर्दै क्रमशः दशौं स्थान प्राप्त गर्ने मध्ये जो जि.शि.का बाट प्राप्त गर्ने छात्रवृत्तिमा परेका छैनन् त्यस्तालाई दिने गरेको पाइयो । महेन्द्र नि.मा.वि. ले आफ्नै स्रोतबाट कक्षाका विद्यार्थीहरूबाट सबैभन्दा बढी नियमित हुने विद्यार्थीलाई पुरस्कार दिइनु पनि छात्रवृत्तिकै एउटा स्वरुपका रुपमा लिने गरेको पाइयो । आफ्नै स्रोत र स्थानीय अभिभावकबाट स्थापित अक्षयकोष मार्फत छात्रवृत्ति वितरणको स्थिति निम्नानुसार रहेको पाइयो ।

तालिका ७ : अन्य छात्रवृत्तिको अवस्था

| क्र.स. | विद्यालयको नाम | नियमितता | अनुशासन | सफासुग्घर |
|---|---|---|---|---|
| १ | श्री सर्वोदय उ.मा.वि. | ✓ | - | - |
| २ | श्री कालिका प्रा.वि. | ✓ | ✓ | ✓ |
| ३ | श्री शारदा मा.वि. | ✓ | ✓ | ✓ |
| ४ | श्री जनता उ.मा.वि. | ✓ | ✓ | ✓ |
| ५ | श्री दुर्गा प्रा.वि. | - | - | - |
| ६ | श्री महेन्द्र नि.मा.वि. | ✓ | ✓ | ✓ |

स्रोत : स्थलगत अध्ययन, २०६९

सधै विद्यालयमा उपस्थिति हुने छात्रछात्रालाई विद्यालय कोषबाट विद्यालयको बार्षिकोत्सवका उपलक्ष्यमा कपि, कलमद्वारा पुरस्कृत गर्ने गरेको पाइयो । छनौटमा परेका ६ वटै विद्यालयले यस्तो पुरस्कार दिने गरेका रहेछन् भने शारदा मा.वि. जनता उ.मा.वि. र महेन्द्र नि.मा.वि. ले नियमितता अनुशासन र सफासुग्घर रहनेलाई सावन, तेल, नेलकटर, काँइयो जस्ता सामग्रीहरू प्रदान गरि अन्य विद्यार्थीलाई समेत प्रेरणा

प्रदान गर्ने गरेको पाइयो । यसरी पुरस्कारको रुपमा प्राप्त हुने जिन्सी सामग्रीहरूलाई विद्यार्थीहरूले पठन पाठन र स्वास्थ्य अवस्था सुधार गर्नमा प्रयोग गर्ने गरेका रहेछन् यसबाट विद्यालयले प्रदान गरेको पुरस्कारको सही सदुपयोग हुने गरेको रहेछ ।

## ४.२ छात्रवृत्ति कार्यक्रमको प्रभावकारिता

शिक्षालाई मानव विकासको अति महत्वपूर्ण अंगको रुपमा लिइन्छ । शिक्षाले नै मानिसलाई जीवनमा उपयोगी ज्ञान र सीप सिकाइ सहज जीवन यापनको अवस्था सृजित गर्दछ । शिक्षा आर्जनको जगको रुपमा रहेको प्राथमिक शिक्षामा सवैको पहुँच पुग्नु जरुरी छ । प्राथमिक उमेर समूहका सवै बालबालिका लाई विद्यालयमा भर्ना गराइ उच्चतम शैक्षिक उपलब्धी प्राप्त गराउन बालबालिकाहरुलाई प्रोत्साहन स्वरुप छात्रवृत्ति वितरण गरिदै आएको छ । बालबालिकाहरु लाई समय मै विद्यालयमा भर्ना गराई शैक्षिक क्षति हुन नदिन र विचमै कक्षा छाड्ने वा कक्षा दोहोर्‍याउने कार्यलाई निरुत्साहित गर्न छात्रवृत्ति कार्यक्रमको प्रभावकारितामा ध्यान पुर्‍याउनु पर्ने हुन्छ ।

छात्रवृत्ति कार्यक्रमले लक्षित समूहलाई कतिको प्रभाव पारेको छ छात्रवृत्ति प्राप्त गर्ने र नगर्ने विद्यार्थी वीचको नियमितता, कक्षा उर्तीण दर, सिकाइ उपलब्धि, उनीहरुमा रहेको शैक्षिक सामाग्री आदिको स्थितिले यसको प्रभावकारिता देखिन्छ । छात्रवृत्ति वितरण प्रक्रिया, छात्रवृत्ति वितरण निर्देशिकाको पालना, रकम र कोटाको पारदर्शिता, प्राप्त रकमको उपयोगको स्थिति, छात्रवृत्ति कार्यक्रमका सकारात्मक र कमजोर पक्षहरुका वारेमा प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, स्रोत व्यक्तिहरु संग प्रश्नावली र अन्तरवार्ता समेतका आधारमा प्राप्त तथ्यांकहरुको तालिकाकरण गरी व्याख्या र विश्लेषण गरिएको छ ।

### ४.२.१ उतीर्णदर

हेरक कक्षामा भर्ना भएका विद्यार्थीहरूको बर्षमा ३ पटक परीक्षा पद्धतिद्धारा मूल्याङ्कन गरी कक्षोन्नती गर्ने गरिन्छ । यसरी गरिने कक्षोन्नतीमा बार्षिक परीक्षाको नतिजा मुख्य रहन्छ । परीक्षामा सफल विद्यार्थी माथिल्लो कक्षामा जान्छन् भने असफल विद्यार्थी स्वही कक्षामानै दोहोर्‍याएर अध्ययन गर्ने गर्दछन् । प्राथमिक तहमा नेपाल सरकारको नीति अनुरुप उदार कक्षोन्नति भनिएता पनि ७० प्रतिशत उपस्थिति नपुग्ने विद्याथर्गीहरू असफल हुने गर्दछन् । अध्ययनमा परेको विद्यालयको परीक्षाफलको नतिजा हेर्दा छात्रवृत्ति पाउने विद्यार्थीहरूको सिकाइ उपलब्धि उच्च रहेको पाइयो

फलस्वरुप त्यस्ता विद्यार्थीहको कक्षा उतीर्णदर समेत उच्च रहेको पाइयो भने छात्रवृत्ति नपाउने विद्यार्थीहरूमा नियमितता पनि नहुने गरेको र उतीर्ण दर समेत न्यून हुने गरेको देखिएको छ । छनौटमा परि अध्ययन गरिएका विद्यार्थीहरूको २०६८ सालको परीक्षाको नतिजा निम्नानुसार रहेको पाइयो जसलाई तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ८ : परीक्षाको नतिजा

| क्र.स. | विद्यालय | परीक्षामा सम्मिलित | छात्रवृत्ति पाउनेको संख्या | छात्रवृत्ति नपाउने संख्या | छात्रवृत्ति पाउने उतीर्ण संख्या | छात्रवृत्ति नपाउने उतीर्ण संख्या | छात्रवृत्ति पाउने उतीर्ण प्रतिशत | छात्रवृत्ति नपाउने उत्तीर्ण प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १ | सर्वोदय उ.मा.वि. | २५४ | १८२ | ७२ | १७० | ५० | ९३.४० | ६९.४ |
| २ | कालिका प्रा.वि. | १९३ | १४३ | ५० | १४३ | ३२ | १०० | ६४ |
| ३ | शारदा मा.वि. | ४२८ | ३४५ | ८३ | ३०५ | ५७ | ८८.४ | ६८.६ |
| ४ | जनता उ.मा.वि. | ५०३ | ३२२ | १८१ | ३१० | १०५ | ९६.२ | ५८ |
| ५ | दुर्गा प्रा.वि. | १८८ | १४० | ४८ | १४० | ४० | १०० | ८३ |
| ६ | महेन्द्र नि.मा.वि. | ४०२ | ३५८ | ४४ | ३५८ | ३६ | १०० | ८१.८ |

स्रोत : विद्यालय अभिलेख, २०६९

तालिका नम्बर ८ लाई विश्लेषण गर्दा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी जो परीक्षामा सामेल भएका छन् उनीहरूको उत्तीणदर छात्रवृत्ति प्राप्त नगर्नेको भन्दा बढी रहेको देखिन्छ । उक्त तालिकाको विश्लेषणबाट छात्रवृत्ति पाउने विद्यार्थीहरू कालिका प्रा.वि., दुर्गा प्रा.वि. र महेन्द्र नि.मा. मा १००% उत्तीर्ण रहेका छन् गर्ने अन्य विद्यालयहरूमा पनि विद्यार्थीहरूको उतीर्णदर ८५% भन्दा माथि नै रहेको कुरा तथ्याङ्कबाट देखिन्छ । यसबाट के भन्न सकिन्छ भने छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहको सिकाइ उपलब्धि छात्रवृत्ति प्राप्त नगर्नेको तुलनमा उच्च देखिन्छ । छात्रवृत्ति प्राप्त नगर्ने विद्यार्थीहरूमा उतीर्ण प्रतिशत हेर्दा सबै विद्यालयमा ८५% भन्दा कम रहेको देखिन्छ । यसबाट त्यस्ता विद्यार्थीहरूको सिकाइ उपलब्धि छात्रवृत्ति प्राप्त गर्नेको तुलनामा कम रहेको पाइयो ।

४.२.२ नियमितता

एक शैक्षिक सत्र भरीमा विद्यालयमा पठन पाठन हुने दिन र विद्यालय खुल्ने दिन निश्चित हुन्छन् । शिक्षा नियमावली अनुसार न्युनतम विद्यालय खुल्ने दिन २२० हुनु पर्ने व्यवस्था रहेको छ । विद्यालयमा हुने नियमितताले विद्यार्थीले प्राप्त गर्ने ज्ञान, सीप र अभिवृतिमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । विद्यार्थी सिकाइ उपलब्धि कक्षा छाड्ने दर कक्षा दोहोऱ्याउने जस्ता कार्यहरू नियमिततामा भर पर्दछन् । विद्यार्थीहरूमा सिकाइ हुने शारीरिक, मानसिक र संवेगात्मक पक्षमा समेत नियमितताको प्रभाव परेको हुन्छ । विद्यालय खुलेको दिन, पठनपाठन भएको दिन र छात्रवृत्ति प्राप्त गर्ने र नगर्ने विद्यालयहरूको विद्यालयमा रहेको उपस्थिति (हाजिरी) को अवस्था निम्न तालिकामा देखाइएको छ ।

तालिका ९ छात्रवृत्ति प्राप्त गर्ने र नगर्ने विद्यार्थीको उपस्थिति

| क.स. | विद्यालयको नाम | विद्यालय खुलेको दिन | पढाइ भएको दिन | वर्षभरिको औषत छात्रवृत्ति पाउने | छात्रवृत्ति नपाउने |
|---|---|---|---|---|---|
| १. | सर्वोदय उ.मा.वि. | २०८ | १७२ | १५० | १२० |
| २. | कालिका प्रा.वि. | २०६ | १७० | १४२ | ११८ |
| ३. | शारदा मा.वि. | २१० | १७४ | १४३ | १२२ |
| ४. | जनता उ.मा.वि. | २१२ | १७३ | १५० | ११९ |
| ५. | दुर्गा प्रा.वि. | २०६ | १६८ | १३० | ११६ |
| ६. | महेन्द्र नि.मा. | २१४ | १७६ | १५५ | १४० |


स्रोत : विद्यालय अभिलेख, २०६९

उपरोक्त तालिकाबाट यो कुरा स्पष्ट हुन आउँछ कि शिक्षा नियमावली अनुसार हरेक विद्यालयहरु कम्तीमा २२० दिन खुल्नु पर्ने र १८० दिन पठन पाठन हुनु पर्ने व्यवस्था रहेता पनि कुनै पनि विद्यालयहरु २२० दिन नखुलेको र पढाइ पनि १८० दिन नभएको देखिन्छ । यस्तो हुनुमा विभिन्न राजनैतिक र विद्यार्थी संगठनहरुको वन्दहडताल मुख्य जिम्मेवार रहेको कुरा विद्यालय सरोकारवाला अभिभावकहरुको रहेको छ । तालिकामा सवै भन्दा बढी विद्यालय खुल्नेमा महेन्द्र नि.मा.वि. २१४ दिन र सवै भन्दा कम खुल्नेमा कालिका प्रा.वि. र दुर्गा प्रा.वि. २०६ दिन रहेका छन् । सवै भन्दा

वढी पढाइ हुने दिनमा महेन्द्र नि.मा.वि. १७६ दिन र सवै भन्दा कम पढाइ भएको दिन १६८ श्री दुर्गा प्रा.वि. को रहेको छ ।

विद्यालयमा वितरित छात्रवृत्ति प्राप्त गर्ने र नगर्ने विद्यालयहरुको वर्ष भरिको औषत उपस्थितिलाई तुलना गर्दा छात्रवृत्ति प्राप्त नगर्ने विद्यालयको तुलनामा छात्रवृत्ति प्राप्त गर्नेको वार्षिक औषत उपस्थिति वढी रहेको पाइएको छ । छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुमा सवै भन्दा वढी र कम क्रमश: श्री महेन्द्र नि.मा.वि. र दुर्गा प्रा.वि. मा १५५ र १३० दिन रहेको छ, भने छात्रवृत्ति प्राप्त नगर्ने विद्यार्थीहरुमा वार्षिक औषत उपस्थिति सवै भन्दा वढी श्री महेन्द्र नि.मा.वि. कै १४० दिन र सवै भन्दा कम श्री दुर्गा प्रा.वि. कै ११६ दिन रहेको छ । यस वाट छात्रवृत्ति कार्यक्रमले थर्नडाइकको सम्वलनको सिद्धान्तमा सकारात्मक सम्वलनको रुपमा काम गरेको पुष्टी गरेको छ । विद्यालयमा विद्यार्थीहरुको उपस्थितिमा वढोतरी संगै उनीहरुको सिकाइ उपलब्धीमा समेत सकारात्मक प्रभाव पर्न सक्ने कुराको अनुमान गर्न सकिन्छ । छात्रवृत्ति प्राप्त गर्नाले विद्यार्थीहरुमा विद्यालय जान तत्पर रहेको समेत देखिन्छ । छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरू आगामी वर्षको छात्रवृत्ति प्राप्त गर्ने लालसाले समेत विद्यालयमा बढी उपस्थिति हुने गरेको कुरा स्वयं छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीसँगको सोधपुछमा प्राप्त भयो ।

चित्र २ : विद्यार्थीको बार्षिक औषत उपस्थिति




स्रोत : विद्याथी उपस्थिति वही, २०६९

अव्राहम मास्लो (१९४३) का अनुसार मानिसका इच्छा, चहाना र आवश्यकता प्रसस्त रहेका हुन्छन् । एक प्रकारका इच्छा तथा चाहानाको परिपूर्ति पछि पनि थप इच्छा र चाहानाको आवश्यकता खड्की रहन्छ । यसलाई उनले आवश्यकताको श्रृङ्खला द्वारा प्रस्तुत गरेका छन् । मानिसहरुको चाहाना र आवश्यकताको पूर्णता

कहिल्यै हुदैन उक्त चाहाना र आवश्यकता प्राप्तिको लागि मानिस सधै उत्प्रेरित भइरहन्छ। यहाँ छात्रवृतिले गर्दा विद्यार्थी सधै उत्प्रेरित भई नियमित हुने गर्दछ। वि.एफ. स्किनर (१९३१) का अनुसार कुनै पनि कार्य गर्न प्राणीमा उत्तेजना पैदा हुनु पर्दछ र उक्त उत्तेजना प्रदान गराउन, उतेजना पूनर्वलयूक्त हुनु पर्दछ। यस्तो उतेजनावाट प्राप्त प्रतिक्रियालाई क्रियाशील वनाइ सिकाइ  गर्न सकिन्छ र चाहेको व्यवहारमा अभ्यस्त गराउन सकिन्छ। सिकाइले व्यवहारलाई चाहे अनुसार परिर्वतन गर्न सकिन्छ। प्राणीको ठीक व्यवहार (प्रतिक्रिया) प्रति ठीक समयमा नै पुनर्वल प्रदान गर्न नसक्दा त्यसको असर नकारात्मक पनि हुन सक्दछ। सिकाइमा सकारात्मक पुनर्वल प्राप्त कुनै पनि उतेजनाले प्राणीको क्रियात्मक व्यवहारमा परिवर्तन ल्याउँदछ , त्यस उतेजना प्रति उसका व्यवहारहरु क्रियासील हुन थाल्दछन्। स्किनरको प्रयोगमा लिभर थिच्दा खाना प्राप्त गरेको मुसाले पुन : खाना प्राप्त गर्नको लागि उ लिभर थिच्न क्रियासील हुन्छ तर खानाको दर घटाएमा वा खाना नआएमा मुसाको लिभर थिच्ने दर क्रमशः घट्दै गई अन्तमा लिभर थिच्न नै छोड्छ। हाम्रै छनौटमा परेका विद्यालय वाट प्राप्त तथ्यांकलाई हेर्दा विद्यालयमा रहेका विद्यार्थी संख्या अनुसार छात्रवृत्ति कोटा अपर्याप्त हुँदा छात्रवृत्ति वितरण प्रक्रियामा समस्या पैदा हुन्छ र समयमा छात्रवृत्ति ( पूनर्वल) प्राप्त गर्न नसक्दा उसलाई पढाइ प्रति र विद्यालय उपस्थिति प्रति नै नकारात्मक प्रभाव पर्ने हुँदा उसले नियमित विद्यालय आई सिकाइ गर्न निरन्तर रुपमा छात्रवृत्ति प्राप्त गरिरहनु पर्दछ।

४.२.३ अनुसासन

विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि हुनको लागि विद्यार्थी नियमित रुपमा विद्यालय आउने र अनुशासित रुपमा अध्ययन गर्नु पर्ने हुन्छ। छात्रवृत्ति वितरण कार्यक्रमले शिक्षण सिकाइमा पारेको प्रभाव भन्ने विषयमा यो शोधपत्र तयार गर्ने क्रममा छात्रवृत्तिको प्रभावकारिता शीर्षक अन्तरगत अनुशासन उपशीर्षक माथि गरिएको शोधमा सरोकारवाला व्यक्ति, विद्यार्थी, शिक्षक, प्रधानाध्यापकसँग छलफल गर्दा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरू तुलनात्मक रुपमा छात्रवृत्ति प्राप्त नगर्ने भन्दा बढी सफासुग्घर, नियमित र बढी अनुसासित हुने गरेको कुरा अवगत भयो। छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरूमा गुरु तथा गुरुआमालाई आदर र सम्मान गर्ने, अनावश्यक झै झगडा नगर्ने गरेको पाइयो। अनुसासन भंग गरेमा पुनः छात्रवृत्ति नपाइन सकिने डरले

समेत केही विद्यार्थीहरू सधै विद्यालय पोषाकमा विद्यालय आउने, ठीक समयमा आउने, गृहकार्य र कक्षाकार्यमा सक्रिय सहभागि बन्ने शिक्षकको निर्देशन अक्षरस पालन गर्ने जस्ता कार्य गरेको पाइयो । कतिपय विद्यालयले कुनै विद्‍यार्थीले एकपटक छात्रवृत्ति पाइ सके पछि पूनः अर्को कक्षामा पनि छात्रवृत्ति पाउन सकिने आसमा अनुशासित हुने गरेको बताए ।

४.२.४ विद्यार्थी सामाजिकीकरण

विविध जातीय बसोवास रहेको देशमा सामाजिक रुपले एकाकार भई समाजमा समान हैसियत र पहुँच पुऱ्याउन हरेक जातिहरु लागि परिरहेका छन् । कानुनी रुपले नयाँ मुलिकि ऐन  माफर्त जातीय विभेद र छुवाछुतलाई कानुनी अपराध मानिने व्यवस्था भएता पनि समाजमा जरागाडेर बसेको संस्कृति र परम्पराले जातीय विभेद र छुवाछुत जस्ता कुराबाट उन्मुक्ति दिन सकेको छैन । २०४६ सालको राजनैतिक परिवर्तन पश्च्यात समुदायका हरेक व्यक्तिमा सामाजिकीकरणको भावनाको विकास भएको पाइन्छ । नेपाल सरकारले समाजमा पछि परेका व्यक्तिका लागि पनि शिक्षा लिन पाउनु बालबालिकाको नैसर्गीक अधिकार मानि कक्षा १० सम्म निःशुल्क पढ्न पाउने व्यवस्था गरेको छ । यसका साथै दलित सिमान्तकृत र अपाङ्गलाई छात्रवृत्तिको व्यवस्था गरी उनीहरुलाई विद्यालयमा सम्मान जनक वातावरणमा सिकाइ गर्ने अवसर प्रदान गरेको छ । छनौटमा परेका विद्यालयका शिक्षक, विद्यार्थी , प्र.अ. र केही अभिावकसँगको अन्तरक्रियामा विभिन्न नामले आउने र प्रदान गरिने छात्रवृत्तिले केही नकारात्मक प्रभाव देखाएता पनि सकारात्मक पाटो नै सवल रहेको र उक्त छात्रवृत्तिले विद्यार्थीहरू एक अपासमा मिलेर बस्ने, सरसहयोग गर्ने, हियाएर नभन्ने जस्ता कुरा हुने गरेबाट उनीहरूमा सामाजिकीकरणको भावनाको विकास गराउन सहयोग पुऱ्याएको अभिव्यक्ति दिएको पाइयो ।

छात्रवृत्ति प्राप्त गर्ने र नगर्ने विद्यार्थीहरूको सिकाइ उपलब्धिमा भिन्नता पाइनुका साथै उनीहरूको व्यवहारमा समेत केही भिन्नताहरू रहेको पाइयो । विद्यालयमा विद्यार्थीहरूले पढ्ने र शिक्षकले पढाउने भन्दा पनि विद्यार्थीले के, कति र कसरी सिक्न सके त्यसबाट उनीहरूको व्यवहारमा के कस्तो परिवर्तन आयो ? त्यसको महत्व बढी हुने गर्दछ । छनौटमा परेका विद्यालयका छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरूमा व्यहारमा परितर्वन भएको पाइयो र यस्तो परिवर्तन सकारात्मक रहको पाइयो । त्यस्ता

विद्यार्थीहरूले समाजमा हुने विभिन्न गतिविधिमा सक्रिय सहभागिता देखाउने गरेका उनीहरूमा अनुशासन हुने, सफा सुग्घर रहने गरेको पाइयो । अध्ययनका क्रममा कक्षा अवलोकन गर्दा कसैका हातका औंलाका नङ लामा थिए भने कसैका काटिएका, नङ नकाटेर नङमा फोहोर भरिएका विध्यार्थीहरुलाइ नङ किननकाटेको भन्दा नङ काट्ने साधन छैन भन्ने जवाफ दिए भने नङ काटेर आउनेलाई सोद्धा नेलकटरले हप्तामा दुई पटक नङ काट्ने गरेको बताए यसबाट उनीहरूको व्यवहारमा परिर्वतन ल्याउने काम गरेको पाइयो ।

छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरूमा कुनै पनि काममा अग्रसर हुने, विद्यालयले संचालन गरेको अतिरिक्त तथा  सहक्रियाकलापमा भाग लिने, हरेक कुरालाई उत्सुकता पूर्वक आत्मसात गरी विद्यालयले आयोजना गर्ने खेलकुद क्रियाकलाप, हाजिरीजवाफ, हिज्जे प्रतियोगिता जस्ता कार्यक्रममा सहभागी हुने गरेको कुरा विद्यालयका शिक्षक र प्र.अ.सँगको कुराकानीका क्रममा जानकारी प्राप्त गरियो । यसबाट छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरू छात्रवृत्ति प्राप्त नगर्ने विद्यार्थीका तुलनामा विद्यालय र घर परिवारमा समेत सक्रिय रुपमा प्रत्यक्ष क्रियाकलापमा सहभागी भई उनीहरुको सकारात्मक व्यवहार परिवर्तन गरि सामाजिकीकरणमा प्रत्यक्ष रुपले सहयोग पुऱ्याएको पाइयो ।

## ४.३ छात्रवृत्ति वितरणमा देखिएका समस्याहरू

समस्या रहित कार्यक्रम हुन्छ भन्नु केवल कल्पना मात्र हुने गर्दछ । हरेक कार्यक्रममा केही न केही समस्याहरु रहेका हुन्छन् । छात्रवृत्ति वितरण कार्यक्रमले शिक्षण सिकाइमा पारेको प्रभाव भन्ने यो अनुसन्धानका क्रममा छनौटमा परेका विद्यालयमा पुगी सरोकारवाला (विद्यार्थी, शिक्षक, अभिभावक, प्र.अ.) आदि संग गरिएको प्रश्नावली र प्रत्यक्ष भेटघाटका क्रममा छात्रवृत्ति वितरणमा कोटा वितरण  देखि लिएर विद्यार्थीछनौट, रकम वितरण, सूचना प्रवाह, निर्देशिकाको अध्ययन, समयको किटान जस्ता पक्षमा प्रसस्त मात्रामा समस्याहरु रहेका छन् भनी जानकारी प्राप्त भएका छन् । छात्रवृत्ति कोटा वितरणमा सवै (पाउनु) पर्नेको संख्या अनुसार कोटा प्राप्त नहुनु, कम रकम निकासा हुनु, आन्तरिक अपांगता भएको तस्विर पेश गर्न कठीन हुनु, जिल्लाले विद्यालयमा रकम पठाउन ढीला गर्नु, छात्रवृत्ति प्राप्तिका लागि मात्र विद्यार्थीहरु विद्यालयमा भर्ना हुनु, छात्रवृत्ति प्राप्ति पछि विद्यालयमा निरन्तरता नदिनु , वीचैमा कक्षा

छाड्नु, छात्रवृत्ति पाए पनि शैक्षिक उपलब्धी सन्तोष जनक नहुनु जस्ता समस्याहरु रहेका पाइए ।

कतिपय विद्यालयले छात्रवृत्ति वितरण पछि छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको शैक्षिक उपलब्धीको विवरण नराख्नु , लक्षित समूहका लागि आएको छात्रवृत्ति रकम दामासाहीले सवैमा वितरण गरिनु, छात्रवृत्ति वितरणमा पारदर्शिता नहुनु, छात्रवृत्ति छनौट समितिको निर्णय नहुनु, कतिपय अभिभावकले छात्रवृत्ति वितरणमा संलग्नता नदेखाउनु, विद्यार्थी नियमिततालाई ध्यान नदिई छात्रवृत्ति वितरण गरिनु छात्रवृत्ति रकम र विद्यार्थी संख्यावीच फरक देखिनु, अत्यन्त थोरै अर्थात नाम मात्रको छात्रवृत्ति रकम बाँडिनु, प्रभावकारी छात्रवृत्ति योजना नहुनु, सुपरिवेक्षण, निर्देशन र मूल्याङ्कन प्रणालीको अभाव हुनुका साथै छात्रवृत्ति वितरणको निश्चित समय किटान गरि वार्षिक योजना नवनाइनुलाई समेत छात्रवृत्ति वितरणमा देखिएका समस्याहरुको रुपमा प्राप्त भयो ।

कतिपय विद्यालयमा छात्रवृत्ति र यसको वितरणका सम्वन्धमा समस्याको रुपमा अभिभावकहरुको चेतनाको स्तरलाई पनि लिने गरेको पाइयो । सरोकारवाला निकाय जस्तै शिक्षक, अभिभावक, विद्यार्थी, वि.व्य.स. अध्यक्षमा समेत छात्रवृत्ति सम्बन्धी कम जानकारी भएको पाइयो । विद्यार्थीले छात्रवृत्ति पाए पनि मैले किन र कस्तो प्रकारको छात्रवृत्ति पाए भन्ने समेत जानकारी नभएको पाइयो ।

मास्लोको अभिप्रेरणाको सिद्धान्त अनुसार मानिसका अति आवश्यक कुरा गास, वास र कपास पुरा भएमा मात्र विद्यार्थीहरु विद्यालय शिक्षामा सहभागी हुने नत्र खाली पेटमा शिक्षा लिन नसक्ने हुँदा छात्रवृत्ति कार्यक्रमले केही अर्थमा सहयोग पुऱ्याई विद्यार्थीलाई विद्यालयमा उपस्थित हुने अवस्थाको श्रृजना गर्न सकिने कुरा सरोकारवालावाट प्राप्त भयो ।

उपरोक्त समस्याहरुका अतिरिक्त छात्रवृत्ति कार्यक्रमको प्रभावकारिताको वारेमा सवैको ध्यान नजानु, विद्यार्थी छनौटमा निश्चित विधिको अभाव हुनु, अभिभावकहरु वोलाइएको दिन विद्यालयमा उपस्थित नहुनु, हरेक विद्यार्थीको वास्तविक आर्थिक स्थिति बुझि छात्रवृत्ति दिनु पर्ने वा नपर्ने त्यसको एकिन गर्न कठीनाई हुनु, एउटै विद्यार्थी छात्रवृतिको लागि नजिकैका विभिन्न विद्यालयमा भर्ना हुनु छात्रवृत्ति छनौटमा जति सुकै पारदर्शिता अपनाइएता पनि पक्षपात भयो भन्ने गुनासो रहनु, छात्रवृतिको लागि उमेर वढाएर भर्ना गर्दा कक्षागत सिकाइ उपलब्धि हाँसिल हुन नसक्नु, छात्रवृतिको माग जिल्लामा पठाइसकेपछि पनि विद्यार्थीहरु विद्यालयमा भर्ना

हुनु/ लिइनु, दलित, अपांग, सिमान्तकृत आदिलाई विद्यालयमा नियमित नहुँदा पनि छात्रवृत्ति दिइने गर्दा अन्यवाट विरोधको सामना गर्नु पर्ने जस्ता समस्याहरु रहेको पाइयो ।

४.३.१ छात्रवृत्तिको सदुपयोग / दुरुपयोग

नेपाल राष्ट्रमा शिक्षाको पहुँचवाट टाढारहेका विद्यालय उमेर समूहका बालबालिकाहरुलाई प्राथमिक तहको शिक्षामा पहुँच पुऱ्याउन सरकारी निकायवाट विभिन्न किसिमका छात्रवृत्ति रकम वितरण गरिदै आएको छ । पठनपाठनको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक सामाग्री को व्यवस्था गर्न नसक्ने लैङ्गिक विभेदका कारण शिक्षाको पहुँचवाट टाढा रहेका, जातीय वा सामाजिक रूपले पछि पारिएका, शारीरिक रूपले अशक्त बालबालिकाहरूलाई विद्यालय प्रवेश गराउन र वीचैमा कक्षा छाडने प्रवृतिलाई निरूत्साहित गर्ने उद्देश्यले छात्रवृत्ति रकमको वितरण हुँदै आएको छ । सचेत अभिभावकले छात्रवृत्ति रकमलाई बालबालिकाको शिक्षामानै खर्च गर्ने गरेका छन् भने केही अशिक्षित अभिभावकहरूले उक्त रकमको सही सदुपयोग गरेको पाँईदैन । छात्रवृत्ति रकम बुझेको वेलुका घर आउँदा उक्त रकम शिक्षामा खर्च नगरि अन्यत्रै लापारवाही पूर्ण तरिकाले खर्च गरेको समेत भेटिएको छ । तपाईका बालबालिकाले प्राप्त गरेको रकम के काममा खर्च गर्नु हुन्छ ? भनी सोधिएको प्रश्नमा अभिभावकहरु वाट प्राप्त उतरलाई तलको तालिकामा देखाइएको छ ।

तालिका १० : छात्रवृत्ति रकमको उपयोगमा अभिभावकको अभिमत

| शिर्षक | पठन पाठनमा | घर खर्चमा | फजुल खर्चमा | ऋृण तिर्नमा |
|---|---|---|---|---|
| अभिभावक संख्या | ४४ | २६ | ४१ | ११ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९

छात्रवृत्ति रकम के काममा खर्च गर्नु हुन्छ ? भनी १२२ जना अभिभावकलाई सोधिएको प्रश्नमा ४४ जनाले पठनपाठनको लागि आवश्यक सामग्री किन्न प्रयोग गर्ने गरेको, २६ जनाले घरखर्चमा खर्चेको, ४१ जनाले फजुल खर्च र ११ जनाले ऋृण तिर्नमा खर्चेको भन्ने भनाइ देखिइएवाट वितरण गरिएको छात्रवृतिको मात्र ३६ % ले पठन पाठनमा खर्चदा रहेछन् वाकी ६४% रकम लगभग दुरुपयोग भएको देखिन्छ ।

शिक्षामा  छात्रवृतिको असर थाहा पाउने अस्त्रको रुपमा उपयोगिता महत्वपूर्ण पक्ष हो । छात्रवृत्ति कार्यक्रमले विद्यालयमा अध्ययन गर्ने बालबालिका लाई कति प्रेरित गरेको छ भनी विश्लेषण गर्न आवश्यक हुन्छ । अध्ययन वाट छात्रवृत्ति रकमको उपयोगितामा पहिचान गरिएका मुख्य क्षेत्रहरुमा बालबालिकाको शिक्षामा प्रयोग, बालबालिकाको परिवारमा प्रयोग उनिहरुका अभिभावकद्धारा दुरुपयोग र अभिभावकद्धारा घरायसी प्रयोजनमा प्रयोग हुने गरेको छ । छात्रवृत्तिको शिक्षामा प्रयोग गर्ने क्रममा विद्यालय पोशाक खरिदमा , विद्यालयका लागि आवश्यक पुस्तक, कपि, विद्यालय झोला आदि खरिदमा, बालबालिकाको लागि खाजा खर्च तिर्न रहेकाछन् । छात्रवृत्ति वितरणवाट प्राप्त रकमको सहि सदुपयोगको रुपमा यस्ता कार्यलाई लिन सकिन्छ ।

स्थलगत रुपमा प्राप्त सूचनाहरुका आधारमा हेर्दा घर खर्च वा परिवारिक व्यावसाय चलाउनमा समेत छात्रवृत्ति रकमको प्रयोग गर्ने गरेका रहेछन् । यस्ता खर्चमा खाद्यान खरिद , ऋण तिर्न र परिवारका अन्यसदस्यहरुलाई लत्ताकपडा किन्नमा समेत खर्च हुने गरेको पाइयो ।

छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीका आमावावु वा अभिभावकहरुवाट छात्रवृत्ति रकमको दुरुपयोग समेत हुने गरेको पाइयो । यस्तो हुनाको कारणमा छात्रवृत्ति रकमको उपयोगिता सम्बन्धमा कडा निर्देशन र निरीक्षण नहुनु रहेको छ । छात्रवृत्ति रकम अभिभावकवाट दुरुपयोग हुनुमा मादक पदार्थ, लागुपदार्थ र चुरोट आदिको खरिद गर्नमा, तास जुवा खेल्नमा र आफूलाई मन पर्ने अन्य क्षेत्रमा खर्च गरेर गर्ने गरेका छन् । यसका अलावा विद्यालयका प्रधानाध्यापक वा शिक्षकहरुवाट समेत तोकेर आएजति रकम विद्यार्थीलाई वितरण नगरेको अभिभावकलाई पाउनु पर्ने वास्तविक रकमको सूचना दिने नगरेकोले छात्रवृत्ति दुरुपयोग हुने गरेको भनीएता पनि अध्ययनमा परेका विद्यालयका सरोकारवाला संगको प्रतक्ष्य भेटघाटमा यसरी छात्रवृत्ति रकम दुरुपयोग हुने नगरेको भन्ने पाइयो ।

छात्रवृत्ति रकम कसले बुझ्ने गरेका रहेछन्  भनी अध्ययन गर्दा धेरै जसो विद्यालयले बाबुआमा वा अभिभावकको उपस्थितिमा विद्यार्थीलाई नै रकमै वा जिन्सी बुझाउने गर्दा रहेछन् भने केहीले विद्यार्थीहरुलाई नै छात्रवृत्ति रकम वा जिन्सी सामग्री दिने गरेका रहेछन् । छात्रवृत्ति रकम अभिभावकले बुझदा केही विद्यार्थीहरुले आफू खुसी

नभएको गुनासो गरे भने शिक्षकले र अभिभावकहरुले चाहि छात्रवृत्ति रकम बालबालिका ले नबुझी अभिभावकले नै बुझनु पर्ने राय प्रकट गरे यसमा उनीहरुको के तर्क रहेको छ भने आफना नानीहरुलाई शिक्षित बनाउने जिम्मेवारी आमा वावुको नै हुने हुँदा उनीहरुले नै छात्रवृत्ति रकम बुझेर आफनो पारिवारिक अवस्था अनुसारको निर्णय गरि खर्च गर्न सक्ने हुँदा यस्तो विधि उपयुक्त हुने राय व्यक्त गरेका छन् ।

४.३.२ रकमको पर्याप्तताको अवस्था

नेपाल सरकारबाट वितरण गरिदै आएको छात्रवृत्ति के कति पर्याप्त छ ? के अहिलेको आकाशिदो महंगीमा उक्त रकम पर्याप्त छ ? र तपाईहरूले के कति छात्रवृतिरकम बुझ्ने गर्नु भएको छ ? भनी गरिएको प्रश्नमा सरोकारवाला अभिभावक, विद्यार्थी शिक्षक, प्र.अ. को लगभग एकै प्रकारको जवाफ पाइयो । अध्ययनमा परेका विद्यालयका प्र.अ.बाट आएको उत्तरलाई विश्लेषण गर्दा छात्रवृत्ति रकममा वृद्धि गरिनु पर्दछ भन्ने १०० प्रतिशत प्र.अ. हरू रहेको पाइयो त्यस्तै अभिभावकसँग प्रत्यक्ष भेटघाट र प्रश्नावली भराउँदा अहिलेको यो महंगीमा त्यति सानो रकमले आफ्नो नानीहरूलाई २ महिनाको स्टेसनरी समेत किन्न नपुग्ने हुँदा दिइस दिएँ भन्ने अर्थमा छात्रवृत्ति दिनुको अर्थ नरहेको हुँदा दिइने छात्रवृत्ति रकम वृद्धि गरिनु पर्दछ भन्ने १०० प्रतिशत अभिभावकहरू रहेका पाइयो । विद्यालयहरूले शिक्षा कार्यालय मार्फत प्राप्त गरेको छात्रवृत्ति रकम निम्नानुसार हुने गरेको रहेछ ।

तालिका ११ छात्रवृत्ति रकमको दर

| छात्रवृत्तिको प्रकार | छात्रवृत्ति रकम |
|---|---|
| दलित | ४००।- |
| वालिका | ४००।- |
| अपाङ्ग | १००० देखि २५००।- सम्म |
| सिमान्तीकृत | ४००।- |
| गरिब तथा जेहेन्दार | ५००।- देखि १७००।- सम्म मा.वि. |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९

उपरोक्त तालिकाको तथ्याङ्कहरूलाई विश्लेषण गर्दा यो अनुसन्धानको उद्देश्य प्राथमिक तहमा छात्रवृत्ति कार्यक्रमको प्रभावकारिताको खोजीगर्नु रहेको हुँदा गरिब तथा जेहेन्दार

छात्रवृत्ति भनी माध्यमिक तहमा वितरण गरिने छात्रवृत्तिमा त्यति गहिरिएर अध्ययन गरिएन । अन्य छात्रवृत्तिमा अपाङ्ग छात्रवृत्तिलाई अपाङ्गतालाई क, ख, ग र घ श्रेणीमा विभाजन गरि न्यूनतम रु १०००।- देखि अधिकतम रु २५००।- सम्म वितरण हुने गरेको पाइयो । अध्ययनमा परेका विद्यालयहरू मध्ये महेन्द्र नि.मा.वि. ले क श्रेणीको अपाङ्ग छात्रवृत्ति २ जनालाई र घ श्रेणीमा परको ४ जनालाई बाँडेको देखियो । त्यस्तै सिमान्तकृत छात्रवृत्ति पनि स्वही विद्यालयका ५ जना माझी समुदायका बालबालिकालाई वितरण गरेको पाइयो । माथि उल्लेखित रकमका सम्बन्धमा विद्यार्थी, अभिभावक, प्र.अ., समेतलाई सोधपुछ गर्दा उक्त रकम अत्यान्तै न्यून रहेको हुँदा वृद्धि गरिनु पर्ने सुझाव समेत प्राप्त भयो । यसका साथै कतिपय विद्यालयले यसरी आएको छात्रवृत्ति समेतलाई दामासाहिले वितरण गर्दा अझै न्यून हुने गरेको छ । जिल्ला शिक्षा कार्यलय मोरङमा छात्रवृत्ति वितरण शाखामा सम्पर्क गर्दा कहिले कहि तोकिएको रकम भन्दा कम निकासा दिने हुँदा घटाएरै पठाउँदा उक्त रकम प्रति विद्यार्थी रु ३५२। मात्र हुने समेत गरेको पाइयो ।

### ४.३.३ छात्रवृत्ति वितरण गर्ने समयको उपयुक्तता

विद्यालयमा प्राप्त छात्रवृत्ति कुन समयमा वितरण गर्दा उपयुक्त हुन्छ भनी खोज गर्ने कार्य गरियो । विशेष गरि प्राथमिक तहमा विद्यार्थीहरूको भर्नादर घटी रहेको हुँदा प्रवेश सँगसँगै छात्रवृत्ति वितरण गरिएमा बालबालिकाको विद्यालय सम्मको पुहँच बढने हुँदा धेरै विद्यालयहरूले भर्नाकै समयमा छात्रवृत्ति वितरण गर्ने रणनीति अवलम्वन गरेको पाइयो । अध्ययनमा परेका विद्यालय मध्ये कुन विद्यालय कुन समयमा छात्रवृत्ति वितरण गर्ने गरेका छन् र उक्त समयमै छात्रवृत्ति वितरण गर्नुमा के रहस्य छ भनी अन्तरक्रिया गर्दा प्राप्त तथ्याङ्क लाइ तालिका नं. २ बाट हेर्न सकिन्छ । उक्त तालिकालाई विश्लेषण गर्दा ५० % विद्यालयहरूले शैक्षिक सत्रको सुरुमै छावृत्ति वितरण गर्ने गरेको पाइएबाट वास्तवमा छात्रवृत्ति वितरणको उपयुक्त समय शैक्षिक सत्रको सुरुमै हुने देखिन्छ तापनि शैक्षिक सत्रको सुरुमा छात्रवृत्ति वितरण गर्दा कतिपय अभिभावकले छात्रवृत्ति प्राप्ति कै लागि एक भन्दा बढी विद्यालयमा आफ्नो नानीहरू भर्ना गरि छात्रवृत्ति रकम बुझ्ने तर विद्यालय नपठाउने हुँदा कक्षा छाड्ने दरमा वृद्धि भएको पाइयो । अध्ययनमा परेका विद्यालयहरू मध्ये एकतिहाई विद्यालयले शैक्षिक सत्रको मध्यमा छात्रवृत्ति बाँडेको पाइयो । जसमा कम्तिमा उक्त समयसम्म विद्यार्थीहरू छात्रवृत्ति पाउने आशामा विद्यालयमा नियमित हुने गरेका पाइयो । शैक्षिक सत्रको

अन्त्यमा छावृत्ति वितरण गर्ने एउटा मात्र विद्यालय रहेकोमा किन अन्त्यमा वितरण गर्नु भएको भनी सम्बन्धित विद्यालयका प्र.अ.सँग अन्तरक्रिया गर्दा प्राविधिक कठीनाइका कारण अर्थात वि.व्य.स. नरहेकाले यस वर्ष ढीलो भएको हो नत्र अन्य वर्षमा शै.स. को सुरुमै छात्रवृत्ति वितरण गर्ने गरेको र त्यसो गर्दा उक्त छात्रवृत्ति वापत प्राप्त रकमले विद्यार्थीहरूले आवश्यक स्टेशनरी सामग्रीहरू बेलैमा खरिद गरी शिक्षण सिकाइमा सघाउ पुग्ने देखिने हुँदा समेत छात्रवृत्ति रकमलाई शैक्षिक सत्र सुरु भए लगतै वितरण गरिनु नै उपयुक्त हुने देखिन्छ ।

४.३.४ छात्रवृत्ति वितरणमा पारदर्शिता

विद्यालयका हरेक काम कारवाही पारदर्शी हुन पर्दछ । अझ आर्थिक पारदर्शिता भएन भने विद्यालय व्यवस्थापन अनियमितताको भूमरीमा फस्न सक्छ तसर्थ अनुसन्धानको क्रममा छात्रवृत्ति वितरण गर्दा विद्यार्थीको छनौट प्रक्रिया, वितरण प्रणालिमा मापदण्डको निर्धारण वितरणमा शिक्षक स्टाफहरूको संलग्नता, वि.व्य.स. पदाधिकारीहरूको सक्रियता जस्ता कुराहरूलाई आधार मानि अध्ययन गरिएको छ । हरेक विद्यालयले छात्रवृत्ति वितरण गर्नु पूर्व कुन प्रकारको छात्रवृत्ति के कति मात्रमा प्राप्त भएको छ भनी एकिन गरे पश्चात छात्रवृत्ति वितरण गर्ने गरेको पाइयो । यसबाट छनौट प्रक्रियामा पारदर्शिता रहेको देखिन्छ । तर छात्रवृत्ति वितरण गर्दा कोटामा तोकिए बमोजिम रकम निकाशा नहुँदा केही कम रकम काड्नु पर्दा आर्थिक हिनामिना भएको पो हो की भन्ने लागेता पनि अध्ययनमा परेका विद्यालयहरूले निकासा नै कम आएर वा दामासाहिले वितरण गर्दा तोकिएका विद्यार्थीहरूले तोकिएको रकम नपाउने गर्नाले विद्यार्थी र अभिभावकबाट विद्यालय प्रति छात्रवृत्तिको वितरणमा केही अनियमितता भएको भन्ने आभाष रहेको पाइयो ।

४.३.५ वितरण प्रणालीमा मापदण्डको निर्धारण

विद्यालयहरूले शिक्षाकार्यालयमा पठाएको तथ्याङ्कका आधारमा छात्रवृत्ति रकम निकासा हुने गरेको तर विवरण पठाइसके पछि भर्ना भएका विद्यार्थीलाई छात्रवृत्ति रकम नआउने र शिक्षा कार्यालय मै तोकिए भन्दा कम रकम निकासा गर्ने गर्दा विद्यालयले छात्रवृत्ति वितरणमा केही माप दण्ड निर्धारण समेत गर्ने गरेको पाइयो । यसमा नियमितता, सरसफाई, अनुशासन, गरिब तथा जेहेन्दार जस्ता कुरालाई आधारमानि शिक्षा कार्यालयले दिने रकमको अलावा विद्यालय आफैले विद्यालय

कोषबाट समेत बार्षिक उत्सवको अवसर पारेर थप छात्रवृत्तिहरू नगदै वा जिन्सीको रुपमा समेत वितरण गर्ने गरेको पाइयो ।

### ४.३.५ अनुगमन र सुपरिवेक्षण

कुनै पनि कार्यक्रमको प्रभावकारिता त्यसमा गरिने निरन्तरको अनुगमन र सुपरिवेक्षणमा भर पर्दछ । अध्ययनमा परेका विद्यालयका प्रधानाध्यापकहरुसँग गरिएको छलफलमा छात्रवृत्ति वितरण कै लागि भनी कुनै त्यस्तो अनुगमन र सुपरिवेक्षण हुने नगरेता पनि माथिल्ला निकायबाट विद्यालयमा पुगेका अधिकारीहरूबाट छात्रवृत्ति वितरणको अवस्था कस्तो छ ? छात्रवृत्ति पाएका छात्रछात्राहरूको नियमितता र उनीहरूको सिकाइ उपलब्धि बारेमा चासो राख्ने गरेको पाइयो । कार्यक्रमको आयोजन गरि छात्रवृत्रि वितरण गर्ने गरेका विद्यालयहरूले छात्रवृत्ति वितरणका दिन त्यस ल्कस्टरका विद्यालय निरीक्षक र स्रोत व्यक्तिलाई आमन्त्रण गर्ने गरेका रहेछन् । विद्यालयका शिक्षकहरूबाट चाँहि छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरू नियमित भए नभएको, पढाइमा ध्यान दिने गरे नगरेको जस्ता कुरामा गम्भीरता पूर्वक चासो लिने गरेको र त्यस्ता विद्यार्थीका अभिभावकसँग समेत बेलाबेलामा भेटघाट गरी विद्यार्थी बारे सोधपुछ गर्ने गरेको पाइयो ।

### ४.३.६ नीतिगत निर्देशन

छात्रवृत्ति छनौट प्रक्रियादेखि त्यसको पारदर्शिता र वितरण प्रक्रिया समेतमा निश्चित नीति निर्देशनहरू दिइएको हुन्छ । यस्तो निर्देशन  शिक्षा कार्यलय माफर्त हरेक विद्यालयले प्राप्त गर्नु पर्ने हुन्छ । तर अध्ययनको छनौटमा परेका विद्यालयका प्रधानाध्यापकसँग यस सम्बन्धमा सोधपूछ गर्दा बेलाबेलामा जिल्ला शिक्षा कार्यलयबाट परिपत्र गरी फलाना फलाना शीर्षकमा यस्तो छात्रवृत्ति प्राप्त गर्ने भएको हुँदा वितरण गरी सो को जानकारी जि.शि. कार्यालयमा गराउनु होला भन्ने व्यहोराको सर्कुलर बाहेक छात्रवृत्ति वितरण सम्बन्धि निर्देशिका विद्यालयहरूमा उपलब्ध नभएको पाइयो । यसबाट कुन समयमा के कसरी छात्रवृत्ति छनौट र वितरण गर्दा उपयुक्त हुन्छ भन्ने कुरामा स्वंय विद्यालय प्रशासन नै अनभिज्ञ रहेको पाइएको हुँदा आफैले नियम बनाइ दामासाहिले वितरण गर्ने, नगद नदिएर जिन्सी दिने गरेकोबाट यसको प्रभावकारिता र पारदर्शितामा नै  प्रश्न चिह्न खडा गरेको पाइयो ।

४.३.७ चेतना

अध्ययनको छनौटमा परेका विद्यालयहरू ग्रामीण भेगका रहेका हुँदा छात्रवृत्ति रकम प्राप्त गर्ने तरिका, खर्च गर्ने तरिका, विद्यार्थीको विद्यालयमा निरन्तरता जस्ता पक्षमा विद्यालयमा पुगी शिक्षक, विद्यार्थी र अभिभावकसँग छलफल चलाउँदा अभिभावकहरू मध्ये कतिले विद्यालयले खवर नगरेको गुनासो गरे भने कतिले आफ्नो बच्चाले झोला भिरेर वा ड्रेस बोकेर घर पुग्दा आश्चर्य मान्दै कसले दियो? किन दियो? जस्ता प्रश्नहरू गर्ने गरेकोबाट आम अभिभावक र विद्यार्थीहरूमा समेत छात्रवृत्तिको सम्बन्धमा त्यति धेरै चेतना स्तर नरहेको देखिन्छ ।

छलफलमा सहभागी कतिपय अभिावकहरूले आफ्नो गाँउ घरमा खुलेका गैर सरकारी संस्थाहरूले उनीहरुका लागि नानीहकरूलाई शिक्षामा गरिरहेको लगानी हेर्दा विद्यालयले दिने न्यूनतम राशीको छात्रवृत्तिले खासै सहयोग नगर्ने हुँदा छात्रवृत्ति प्राप्तिको होडमा नलाग्ने गरेको भन्ने पाइयो । केही पढेलेखेका बाबुआमा छात्रवृत्तिले थोरै भए पनि उनीहरूको सिकाइमा सकारात्मक परिवर्तन ल्याउने हुँदा वर्गीकरण गरेर छात्रवृत्ति दिइनु भन्दा पनि सबैलाई दिदा उपयुक्त हुने विचार व्यक्त गरेकोबाट उनीहरू छात्रवृत्ति प्राप्तिमा सचेत रहेको देखिन्छ ।

## ४.४ छात्रवृत्ति वितरणमा देखिएका समस्या समाधानका उपायहरु

नेपाल एक बहुजाति, भाषा, धर्म र संस्कृति भएको राष्ट्र हो । यहाँ रहेका मानिसहरु जातीय र वर्गीय रुपले पछि परेका वा पारिएका छन् । खासगरी दलित, सिमान्तकृत र लोपोन्मुख जातिको आर्थिक अवस्था पनि प्राय : दयनीय रहेको छ । त्यस्ता समुदायका मानिसहरुमा आधारभूत आवश्यकता जस्तै गाँस, वास र कपास जस्ता समस्याले गर्दा शिक्षा आर्जनमा झनै समस्या रहेको तथ्यहरुले प्रष्टयाउद छन् तसर्थ राज्यले सवैलाई शिक्षा दिने उद्देश्य राखेर राज्यको ठुलो धनराशी (वार्षिक वजेटको झन्डै १७% ) शिक्षा क्षेत्रमा खर्च गरी रहेको छ । यति ठूलो धनराशीको लगानीवाट आउने प्रतिफल पनि उच्च नै रहनु पर्ने हुन्छ । यति धेरै रकम शिक्षामा लगानी गरी उच्च प्रतिफल प्राप्त गर्ने क्रममा सम्बन्धित क्षेत्रका सरोकारवालाहरुलाई साथ लिएर अगाडि वढेमा मात्र छात्रवृतिको सहि सदुपयोग हुन सक्दछ ।

### ४.४.१ छात्रवृत्ति वितरणमा अभिभावकको धारणा

छात्रवृत्ति वितरण कार्यक्रमले शिक्षण सिकाइमा पारेको प्रभाव भन्ने यस शोधपत्र तयार गर्ने सन्दर्भमा अभिभावकहरूसँग भराइएको प्रश्नावली, उनीहरूसँगको प्रतक्ष्य भेटघाट, छलफल र कुराकानीबाट छात्रवृत्ति वितरणमा उनीहरूको धारणा यस प्रकार रहेको पाइयो । धेरै अभिभावकहरू आफ्ना नानीहरूले पाउने छात्रवृत्तिमा अनभिज्ञ रहेका सचेत अभिावकहरूले छात्रवृत्ति रकमलाई शैक्षिक सत्रको सुरुमा वितरण गरिदा उक्त रकमलाई उनीहरूकै शिक्षामा खर्च गर्न सकिने छात्रवृत्तिलाई जिन्सीभन्दा नगदै दिइनु पर्ने जसले गर्दा उनीहरू उत्साहित भई छात्रवृत्ति पाइने लोभमा घरमा समेत अध्ययन गर्ने गर्दछन् तर यस्तो छात्रवृत्ति रकम समयानुकुल वृद्धि गरिदिनु पर्ने धारणा व्यक्त गरे । छात्रवृत्ति वितरणलाई पारदर्शि बनाउन छात्रवृत्ति वितरण समिति बनाउनु पर्ने, छात्रवृत्तिको किसिम र रकम बारे जानकारी हुनु पर्ने, बालबालिकाको शैक्षिक र आर्थिक अवस्था बुझेर पारदर्शी तरिकाबाट अभिभावकहरूको उपस्थितिमा छात्रवृत्ति वितरण गरिनु पर्ने भन्ने जस्ता धारणाहरू पाइयो ।

### ४.४.२ प्र.अ.को धारणा

प्रधानाध्यापक विद्यालयको जिम्मेवार व्यक्ति भएको हुँदा उसले कुशल व्यवस्थापक भई विद्यालयका हरेक गतिविधि र कामकारवाही गर्नु पर्ने हुन्छ । छात्रवृत्ति वितरण पनि विद्यालयले नै गर्ने हुँदा विद्यालयका प्र.अ.को यसमा अहम् भूमिका रहेको हुन्छ । छात्रवृत्ति वितरणको अवस्था के कस्तो रहेको छ ? छात्रवृत्ति वितरणमा के कस्ता समस्याहरू रहेका छन् र उक्त समस्याहरू समाधानका लागि तपाईको धारणा के छ भनी भराइएका प्रश्नवली र भेटघाटका क्रममा गरेको छलफल र अन्तरक्रियाबाट प्राप्त धारणाहरू निम्नानुसार रहेका पाइयो । छात्रवृत्ति कार्यक्रमका सकारात्मक र नकारात्मक दुवै पक्ष विद्यमान रहेका, सकारात्मक पक्षमा प्रोत्साहन मिल्ने गरेको छ भने नकारात्मकमा छात्रवृत्ति प्राप्त गरे पछि कक्षा छाड्ने दर बढ्ने गरेको छ । छात्रवृति वितरणमा देखिएका समस्याका बारेमा माग गरे अनुसार छात्रवृत्ति रकम प्राप्न गर्न नसक्नु, अभिभावकहरू छात्रवृत्ति लिन विद्यालय नआउनु, छात्रवृत्तिको रकम अत्यन्त न्यून हुनु, विद्यालयमा छात्रवृत्ति सम्बन्धि निर्देशिका नरहनु, जि.शि.का बाट समयमै छात्रवृत्ति रकम निकास नहुनु रहेका छन् । यसको छनौट र प्रभावकारीताका सन्दर्भमा वहुसंख्यक प्रधानाध्यापकहरूबाट वि.व्य.स. भएको अवस्थामा वि.व्य.स. ले निर्णय गर्ने,

वि.व्य.स. नरहेको अवस्थामा शिक्षकहरूको निर्माणबाट छनौट र वितरण गर्ने गरेका छन् । छात्रवृत्ति रकमको दुरुपयोग नहोस् भनी विद्यालयले पोशाक वा स्टेसनरीहरू समेत वितरण गर्दा उपयुक्त हुने धारणा समेत राखेका छन् । यसको नकारात्मक पक्षमा कोटा तोकेर छात्रवृत्ति दिइदा विद्यालयमा नाम मात्रको उपस्थिति हुने दलित तथा सिमान्तकृतले समेत छात्रवृत्ति पाउने तर सधै नियमित रहि सिकाइ उपलब्धि उच्च भएको गैर दलितले गरिब हुँदा हुदै पनि छात्रवृत्ति प्राप्त नगरेका हुँदा शिक्षा अनिवार्यका साथै छात्रवृत्ति पनि प्राथमिक तहमा सबैलाई दिदा उपयुक्त हुने धारणा रहेको पाइयो । विद्यार्थीको आवश्यकता अनुसार शीर्षक परिवर्तन समेत गरेर छात्रवृत्ति वितरण गर्न पाउनु पर्ने धारणा समेत पाइयो ।

### ४.४.३ विद्यार्थीको धारणा

विद्यालयले वितरण गर्ने छात्रवृत्ति रकम प्राप्त गर्ने सन्दर्भमा सबै विद्यार्थीहरूको एकै मत रहेको पाइएन । बहुसंख्यक विद्यार्थीहरूको धारणा आफ्नो आमा वा आफैले छात्रवृत्ति प्राप्त गर्दा मात्र त्यसको सहि सदुपयोग हुने धारणा राखे । छात्रवृत्ति प्राप्त नगर्ने विद्यार्थीहरूले समेत छात्रवृत्ति पाएको भए म त्यसलाई पढाइमै खर्च गर्ने थिए तर पाइन भनी गुनासाका स्वरहरू समेत सुन्न पाइयो । छात्रवृत्ति रकम शैक्षिक सत्रको सुरमा नगदै दिदा उपयुक्त हुने धारणा बहुसंख्यक छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरूको रहेको पाइयो । छात्रवृत्ति रकमलाई के काममा खर्च गर्ने गरेको छौ भनी सोधिएको प्रश्नमा स्टेसनरी खरिद र पोशाक किन्नमा खर्च गर्ने गरेको र त्यो  नै सहि सदुपयोग हुने धारणा व्यक्त गरे । हाल दिदै आएको छात्रवृत्ति अत्यन्तै न्यून भएको हुँदा वृद्धि गरिनु पर्ने धारणा समेत पाइयो ।

### ४.४.४ शिक्षकको धारणा

विद्यार्थीहरू विद्यालयमा प्रवेश गरेपछि उनीहरूको अधिकांश समय शिक्षकहरूसँग नै व्यतित हुने हुँदा छात्रवृत्तिको छनौट, यसको पारदर्शीता, पर्याप्तता र प्रभावकारिता सम्बन्धमा भराइएको प्रश्नावली र प्रत्यक्ष भेटघाटमा भएको अन्तरक्रिया र छलफलबाट प्राप्त धारणाहरू यस प्रकार रहेको पाइयो । अझै पनि आफ्नो सेवा क्षेत्र भित्रका सम्पूर्ण बालबालिकाले विद्यालयमा प्रवेश नगरेका, छात्रवृत्ति वितरण गर्दा विद्यार्थी स्वयंलाई दिनु भन्दा उनीहरूका आमालाई प्राथमिकता क्रममा राखि छात्रवृत्ति

दिइनु पर्ने त्यस पछि बाबु र आमा वा बाबु दुवै उपलब्ध नभएको अवस्थामा स्वयं विद्यार्थीलाई वितरण गर्दा उपयुक्त हुने, छात्रवृत्ति कार्यक्रमलाई प्रभावकारी बनाउन विद्यार्थी तथा उनीहरूका अभिभावकहरूमा छात्रवृत्तिको महत्व दर्शाउनका साथै जनचेतना अभिवृद्धि गरिनु पर्ने, छनौट प्रक्रिया र वितरणमा पारदर्शिता अपनाई यसलाई प्रभावकारी बनाउनु पर्ने, हरेक शिक्षकले छात्रवृत्ति वितरण सम्बन्धि निर्देशिकाको अध्ययन गर्नुपर्ने, छात्रवृत्ति रकम र किसिमबारे अभिभावकलाई जानकारी गराउनु पर्ने, दामासाहिले वितरण नगरि जसको लागि छात्रवृत्ति आएको हो उसैलाई वितरण गरिनु पर्ने, छात्रवृत्ति रकममा वृद्धि गरिनु पर्ने, अभिभावकलाई अनिवार्य रुपमा सम्लग्न गराउनु पर्ने जस्ता कार्य गरेमा छात्रवृत्ति कार्यक्रमको प्रभावकारिता उच्च हुने जसले गर्दा बालबालिकामा पढाई प्रति रुची जागृत भई सिकाइ मजबुत हुँदै जाने हुँदा समयमै छात्रवृत्ति वितरण गरिनु पर्ने धारणाहरू राखेको पाइयो ।

### ४.४.५ स्रोतव्यक्तिको धारणा

तपाईको स्रोतकेन्द्रमा छात्रवृत्ति सम्बन्धि कस्तो व्यवस्था छ ? भनी भराइएको प्रश्नावलीबाट उक्त स्रोतकेन्द्रमा मुख्यतया दलित, बालिका, अपाङ्ग, सीमान्तकृतमा छात्रवृत्ति दिइने गरेको छ । विद्यालयले माग गरी पठाए अनुसार जि.शि.का मार्फत उक्त रकम विद्यालयको बैक खातामा जम्मा गरी विद्यालयले आफ्नो वि.व्य.स वा स्टाफ बैठकको निर्णयबाट छात्रवृत्ति रकमलाई नगदै वा जिन्सी वितरण गर्ने भनी निर्णय गरी वितरण गर्ने गरेका छन् । छात्रवृत्ति रकमको सवल र दुर्वल पक्षका साथै यसको उपयोगिताका बारे भराइएको प्रश्नावली र प्रत्यक्ष भेटघाटका क्रममा छात्रवृत्तिका सवल पक्षमा यसले विद्यार्थीलाई अध्ययन कार्यमा थोरै भएपनि राहत प्रदान गर्ने गरेको छ भने दुर्वल पक्षमा संख्या अनुसार रकम प्राप्त नहुनु, पारदर्शिता नरहनु यसको सदुयोग भन्दा दुरुपयोग बढी हुनु आदि रहेकाछन् । छात्रवृत्ति वितरणको दिन वाहेक विद्यालयमा विद्यार्थी उपस्थिति न्यून रहने गर्नाले छात्रवृत्ति रकम लिन मात्र विद्यालय आउने र छात्रवृत्ति प्राप्त गरिसकेपछि कक्षा छाड्ने प्रवृर्ति बढ्दै जाने, एउटै विद्यार्थीले नजीकका एक भन्दा बढी विद्यालयमा भर्ना हुने, सामुदायिक विद्यालयमा छात्रवृत्तिका लागि भर्ना हुने तर अध्ययन संस्थागत नीजि विद्यालयमा गर्नाले उक्त रकमको सहि सदुपयोग नभएको देखिन्छ । छात्रवृत्ति वितरणमा देखिएका मुख्य समस्याहरूमा कोटा (संख्या) अनुसार छात्रवृत्ति रकम निकासा हुन नसक्नु, छात्रवृत्ति वितरणको समयमा

अभिभावकहरू विद्यालय नआउनु, छात्रवृत्ति प्राप्त नगर्ने र उक्त विद्यालयमा निरन्तरता दिने विद्यार्थीहरूको अभिलेख विद्यालयमा चुस्त र दुरुस्त नहुनु रहेका छन् । यसलाई न्यूनीकरण गर्न विद्यार्थी र अभिभावकहरूको चेतनाको स्तरलाई वृद्धि गरी छात्रवृत्ति रकमको सहि सदुपयोग गर्नाको साथै विद्यालयले समेत त्यस्ता विद्यार्थीहरूको अभिलेख अद्यावधिक गर्नु पर्ने हुन्छ ।

४.४.६ विभिन्न सरोकारवालाबाट आएका धारणा

विभिन्न सरोकारवालाबाट आएका धारणाको आधारमा छात्रवृत्ति वितरणमा देखिएका समस्या समाधानका उपायहरू  छात्रवृत्ति वितरणमा के कस्ता समस्याहरू रहेका छन्, यसको सहि समाधानका उपयाहरू के  हुन सक्छन् भनी शिक्षक,प्र.अ., अभिभावक, स्रोतव्यक्ति र विद्यार्थीहरूबाट प्राप्त धारणाहरूलाई बुँदागत रुपमा यसरी उल्लेख गर्न सकिन्छ ।

क) जि.शि.का. वाट छात्रवृत्ति रकम समय मै उपलब्ध गराइनु पर्ने ।

ख) हरेक विद्यालयमा छात्रवृत्ति निर्देशिका उपलब्ध हुनु पर्ने ।

ग) विद्यालयमा छात्रवृत्ति वितरणको लागि एक समिति गठन गरिनु पर्ने ।

घ) छात्रवृतिको कोटामा वृद्धि गरिनु पर्ने ।

ङ) छात्रवृत्ति वितरणमा अभिभावकको अनिवार्य सम्लग्नता हुनु पर्ने ।

च) छात्रवृत्ति रकममा वृद्धि गरिनु पर्ने ।

छ) विद्यालयमा नियमित उपस्थित हुने बालबालिका लाई मात्र छात्रवृत्ति वितरण गरिनु पर्ने ।

ज) छात्रवृत्ति पाएका विद्यार्थीको शैक्षिक उपलब्धिको अभिलेख विद्यालयले अनिवार्य रुपमा राख्नुपर्ने ।

झ) रकम अपुग भएमा माग अनुसार जि.शि.का. ले थप रकम निकाशा गर्नु पर्ने ।

ञ) विद्यार्थीको आवश्यकता अनुसार शीर्षक परिवर्तन गरि छात्रवृत्ति वितरण गर्न पाउनु पर्ने।

ट) छात्रवृत्तिको किसिम र रकम वारे अभिभावकलाई जानकारी गराइनु पर्ने ।

ठ) छात्रवृत्ति रकमको वितरण शैक्षिक सत्रको सुरुमा गर्नु पर्ने ।

ड) बालबालिका को वास्तविक अवस्था बुझेर पारदर्शी तरिका वाट छात्रवृत्ति वितरण गर्नु पर्ने ।

सम्पूर्ण सरोकारवालाको सुझावलाई समेट्न सकेमा मात्र राज्यले लगानी गरेको छात्रवृत्ति रकमको सहि सदुपयोग भई शैक्षिक उपलब्धी बृद्धि गराउन सकिन्छ । विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरु मध्ये खासगरी लक्षित वर्गका विद्यार्थीहरुमा मास्लोको आवश्यकताको श्रृखलामा रहेको आधारभूत आवश्यकता नै प्रमुख समस्याको रुपमा रहेको हुँदा शिक्षा आर्जन गर्न पाउनु जस्ता बालबालिकाहरुको लागि उच्च तहको आवश्यकता सम्झन्छन्,  जसरी भए पनि विद्यालयमा भर्ना गरेता पनि विविध समस्याहरुले गर्दा विद्यालयमा नियमित हुन सक्दैनन् , नियमित भै हाले पनि आवश्यक सामग्रीका अभावमा शैक्षिक उपलब्धि राम्रो हुन सक्दैन । यस्ता समस्याहरुलाई सम्वोधन गर्न सकेमा मात्र शिक्षामा सवैको समान अवसर र पहुँच पुऱ्याउन थोरै भए पनि छात्रवृतिले प्रभाव पार्ने देखिन्छ ।

वि.एफ स्किनरका अनुसार जुन सुकै कार्य गर्न पनि मानिसमा उत्तेजना पैदा हुनु पर्दछ र उक्त उत्तेजना पूनर्वलयुक्त हुनु पर्दछ । यस्तो उत्तेजनाबाट प्राप्त प्रतिक्रियालाई क्रियाशील बनाइ सिकाइ प्राप्त गर्न सकिन्छ ।  छात्रवृत्तिको रकमले विद्यार्थीहरूमा उत्तेजना पैदा गर्न पूनर्वलको रुपमा कार्य गर्दछ । यसको प्रतिक्रिया स्वरुप विद्यार्थीहरू विद्यालयमा नियमित भइरहने फलस्वरुप सिकाइ उपलब्धिमा समेत वृद्धि हुने देखिन्छ । विद्यालयमा नियमित भई अध्ययन गर्ने बानीमा छात्रवृत्ति कार्यक्रमले सकारात्मक प्रभाव पर्दछ ।

# परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरु

## ५.१ प्राप्ति

मोरङ जिल्लाको दादरवैरिया स्रोतकेन्द्र अन्तरगत रहेको सामुदायिक विद्यालयहरुमा छात्रवृत्ति वितरण कार्यक्रमले शिक्षण सिकाइमा पारेको प्रभाव शीर्षकमा यो अनुसन्धान गरिएको छ । दादरवैरिया स्रोत केन्द्र अन्तरगत पर्ने ६ वटा गा.वि.स. मा रहेका विद्यालयहरु मध्येवाट प्रत्येक गा.वि.स. मा एउटा विद्यालय पर्ने गरि प्रा.वि., नि.मा.वि. र उच्च मा.वि. हरुलाई अध्ययनका लागि नमुना क्षेत्रका रुपमा लिएर सम्पन्न गरिएको छ । तथ्याङ्क संकलनका क्रममा अवलोकन, अन्तरवार्ता , छलफल, विद्यालयका तथ्याङ्क फारम र भराइएका प्रश्नावलीको आधारमा यो शोधपत्र तयार गरिएको छ । मोरङ जिल्लाको दादरवैरिया स्रोतकेन्द्रमा रहेका ६ वटा गाा.वि.स. मा अवस्थित ३८ वटा सामुदायिक (सरकारी) विद्यालय वाट उदेश्यात्मक नमुना छनौट विधिका आधारमा ६ वटा विद्यालयको छनौट गरिएको छ । प्राप्त भएका तथ्यांकहरुको सांकेतीकरण र तालिकीकरण गरि विभिन्न तथ्यांक शास्त्रिय विधि प्रयोग गरि व्याख्या तथा विश्लेषण कार्य गरिएको छ । स्थलगत भ्रमण गरी तथ्यांक संक्लन गर्ने क्रममा निम्न तथ्यहरु प्राप्तिको रुपमा भेटिएका छन् ।

अध्ययनमा परेका विद्यालयहरुमा छात्रवृत्ति वितरणको स्थिति हेर्दा विभिन्न जातजाति, लिङ्ग र वर्गका आधारमा तथ्याङ्क प्राप्त भयो । विद्यालयमा छात्रवृत्तिको रुपमा सम्पूर्ण बालबालिकालाई निशुल्क पाठ्यपुस्तक वितरण गरिएको, बालिका छात्रवृत्ति, दलित छात्रवृत्ति, लोपोन्मुख तथा सीमान्तीकृत छात्रवृत्ति गरि ३ प्रकारका छात्रवृत्ति वितरण हुने गरेको पाइयो । छात्रवृत्ति वितरण गर्न विद्यालयमा औपचारिक कार्यक्रमको आयोजना नगरि समान्य रुपमा वर्ग शिक्षक वाट गर्ने गरेको पाइयो । कतिपय विद्यालयले अध्ययन गर्ने सम्पूर्ण विद्यार्थीलाई दामासाहिरुपले वाँडेर वितरण गरेको पाइयो । अभिभावकहरुलाई छात्रवृत्ति वितरण कार्यक्रममा वोलाईयता पनि नआउने गरेको पाइयो । लक्षित समूहले मात्र छात्रवृत्ति प्राप्त नगर्ने गरेको, छात्रवृत्ति रकम वितरणमा जि.शि.का. र स्रोत केन्द्रवाट समेत अनुगमन, निरीक्षण र परामर्श दिने गरेको पाइएन । छात्रवृत्ति निर्देशिकाले निर्देशन गरे अनुसार छात्रवृत्ति सवै विद्यालयहरुले प्राप्त नगरेको, कतिपय विद्यालयहरुले नगदै छात्रवृत्ति वितरण नगरि शिर्षक परिवर्तन गरेर छात्रवृत्तिलाई खर्चिने गरेको समेत पाइयो भने कतिपय विद्यालयले छात्रवृत्ति रकममा विद्यालय कोषबाट थप गरि समेत वितरण गरेको पाइयो ।

छात्रवृत्ति रकमको कतै सदुपयोग त कतै दुरुपयोग समेत हुने गरेको पाइयो । छात्रवृत्ति रकमले गर्दा विद्यालयमा विद्यार्थीहरुको भर्ना दर वढेको पाइएता पनि नियमितता सोचे अनुरुप रहेको पाइएन । छात्रवृतिको कारणले विद्यार्थीहरुमा पढाई प्रति रुची जागृत भई उत्कृष्टता प्राप्त गर्ने तर्फ उन्मुख रहेको पाइयो । छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी छनौटमा प्र.अ. र शिक्षकहरु सहभागी हुने गरेको  पाइयो । छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी, छात्रवृत्ति प्राप्त नगर्नेको तुलनामा विद्यालयमा वढी उपस्थित हुने गरेको पाइयो । छात्रवृत्ति रकम न्यून भएको गुनासो प्रसस्त मात्रामा पाइयो । तल्ला कक्षामा छात्रवृत्ति पाउनेले माथिल्ला कक्षाहरुमा समेत रकम वृद्धि संगै छात्रवृत्ति प्राप्त गरिरहनु पर्ने माग समेत अभिभावकहरुको रहेको पाइयो ।

छात्रवृत्ति वितरण कार्यक्रमले समुदायमा विद्यालय प्रतिको नकारात्मक धारणामा परिवर्तन गरि सकारात्मक धारणा निर्माण गरेको पाइयो । छात्रवृत्ति कार्यक्रमले विद्यार्थीहरुको स्वास्थ्य, सरसफाइ, अनुशासन, नैतिकता, समयपालन जस्ता पक्षहरुमा सुधार आएको कुरा अवलोकन वाट प्राप्त भयो । कतिपय अभिभावकले छात्रवृत्ति रकमलाई घरायसी र फजुल खर्चमा खर्चेर यसको दुरुपयोग भएको समेत पाइयो । तर जे जति मात्रामा भए पनि छात्रवृत्ति वितरणले विद्यार्थी र उनीहरुका  अभिभावकका साथै शिक्षकहरुलाई समेत राहत पुगेको पाइएको हुँदा राज्यले छात्रवृतिको कोटा र रकममा वृद्धि गर्नु पर्ने कुरा पनि टड्कारो रुपमा पाइयो ।

## ५.२.निष्कर्ष

छात्रवृत्ति वितरण कार्यक्रमले शिक्षण शिकाइमा पारेको प्रभाव भन्ने शिर्षकमा गरिएको अध्ययनमा मोरङ जिल्लाको दादरवैरिया स्रोतकेन्द्र अन्तरगत रहेको विद्यालयहरु मध्ये वाट छनौटमा परेका ६ वटा विद्यालयमा गरिएको अध्ययन वाट प्राप्त तथ्यांकहरु, प्रतिक्रिया र सुझावका आधारमा व्याख्या र विश्लेषण गरिएको छ । देशका सवै क्षेत्रको अवस्था अभिभावकहरुको चेतना स्तर आर्थिक सामाजिक र सांस्कृतिक अवस्था एउटै नहुने हुँदा मोरङ जिल्लाको दादरवैरिया स्रोत केन्द्रमा गरिएको छात्रवृत्ति वितरण कार्यक्रमले शिक्षण शिकाइमा पारेको प्रभाव को  निष्कर्ष देशका अन्य ठाउँमा हु वहु रुपमा लागु नहुन पनि सक्ने देखिन्छ । छात्रवृत्ति वितरण कार्यक्रमले विद्यार्थीहरु र अभिभावकहरुमा विद्यलाय प्रति सकारात्मक धारणाको विकास गराएको छ । छात्रवृत्ति प्राप्तिले गर्दा विद्यार्थीहरु विद्यालयमा नियमित हुने, उर्तिणदर वढ्ने, कक्षा छाड्नेदर घट्ने र कक्षा दोहोऱ्याउनेदरमा समेत कमी भएको  छ । यसले

छोरालाई मात्र पढाउनु पर्छ भन्ने चिन्तनमा परिवर्तनल्याई लैङ्गिक विभेदका कारण छोरीलाई विद्यालय पठाउने कार्यमा अभिभावकहरुलाई प्रोत्साहन प्रदान गरेको छ। लक्षित समूहमा रहेका अभिभावकहरुको चेतनामा परिवर्तन ल्याएको छ।

वढ्दो महंगीको तुलनामा छात्रवृत्ति रकम अत्यन्तै न्यून रहेको र छात्रवृतिको कोटा वितरण कार्यक्रमले लक्षित समूहका सवैलाई समेट्न सकेको छैन। छात्रवृतिको रकम उपयुक्त समयमा प्राप्त नहुँदा उद्देश्य अनुरुप खर्च नभई दुरुपयोग समेत हुने गरेको छ। तसर्थ छात्रवृत्ति प्राप्त गर्ने छनौट प्रक्रियाका साथै वितरणका लागि स्पष्ट र पारदर्शीताको आधार तयार गर्नु पर्ने हुन्छ। उमेरै नपुगि छात्रवृत्ति प्राप्तिका लागि समेत बालबालिकाहरुलाई विद्यालयमा भर्ना गर्ने प्रवृति वढनाको साथै विद्यालयले ठीलो गरि विद्यार्थी विवरण जि.शि.का. मा पठाउँदा कतिपयले छात्रवृत्ति प्राप्त गर्न नसकी रहेका छन्।

छात्रवृत्ति वितरणलाई औपचारिक कार्यक्रम नगरि वितरण गर्ने गरिएवाट यस कार्यक्रमको प्रचार प्रसार र प्रभावकारितामा नै प्रश्न चिन्ह उब्जीएको छ। छात्रवृत्ति रकमको उपयोगिता सम्वन्धमा सम्वन्धित निकायवाट अनुगमन तथा निरीक्षण नहुँदा यसको दुरुपयोग समेत हुने गरेको छ। जि.शि.का.र विद्यालयको निरन्तरको अनुगमन र निरीक्षण नहुँदा धेरै जसो अभिभावकहरुले रकम दुरुपयोग समेत गर्ने गरेका छन्। प्राथमिक तहको छात्रवृत्ति कार्यक्रमले विद्यार्थीहरुमा अभिप्रेरणा प्रदान गर्न सकेको छ। यसले विद्यार्थीहरुलाई विद्यालय पठाउन र नियमित हुन सकारात्मक सम्वलनको समेत कार्य गरेको छ। छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुलाई उचित समयमा छात्रवृत्ति प्रदान गरेमा उनीहरुमा विद्यालय जान र नियमित रुपमा विद्यालयमा रही सिकाइ उपलब्धि प्राप्त गर्नमा पुनर्वल प्राप्त हुने देखिन्छ।

## ५.३. सुझाव

छात्रवृत्ति वितरण कार्यक्रमले शिक्षण शिकाइमा पारेको प्रभाव सम्वन्धि यस अनुसन्धानका क्रममा प्राप्त गुणात्मक तथा संख्यात्मक तथ्याङ्कहरु अन्तरवार्ता, भराइएका प्रश्नावली आदि वाट प्राप्त प्रतिक्रियाका आधारमा प्राप्त भएको प्राप्ति र निष्कर्षका आधारमा समेत केही महत्वपूर्ण सुझावहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ।

### ५.३.१ नीतिगत तह

छात्रवृत्ति वितरण गर्ने निश्चित समय किटान गरी सके देशैभरी नभए जिल्लागत रूपमा एकैदिन छात्रवृत्ति वितरण गर्ने व्यवस्था गरिनु पर्दछ। उक्त कार्य शैक्षिक सत्रको सुरुमै तोकिनु पर्ने हुन्छ। हालको महँगीमा वितरण गरिदै आएको छात्रवृत्तिको रकम अत्यान्तै न्यून रहेको हुँदा समय सापेक्ष छात्रवृत्तिको रकम बढाउँदै लैजानु पर्ने हुन्छ। छात्रवृत्तिले सकारात्मक सम्बलनको कार्य गर्ने हुँदा तल्लो कक्षामा छात्रवृत्ति पाउनेलाई उपल्लो कक्षामा समेत निरन्तर रुपमा छावृत्तिको व्यवस्था गरिनु पर्दछ। विद्यालयमा रहेको विद्यार्थी सङ्ख्यालाई मात्र आधार नमानी जिल्लाको भौगोलिक र आर्थिक अवस्था, विद्यार्थीको जहेन्दारिता र गरीबको मापदण्ड अनुसार प्राथमिकता निर्धारण गरी छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिन र प्रभावकारी बनाउन योजना निर्माण र मार्ग दर्शन समेत गरिनु पर्दछ।

### ५.३.२ अभ्यास तह

विद्यालयमा वितरण गरिने छात्रवृत्ति कार्यक्रमको वारेमा सम्बन्धित सरोकारवालाहरुलाई जानकारी गराउनु पर्ने हुन्छ। छात्रवृत्ति वितरणको हिसाब पारदर्शी गरिनु पर्दछ। छात्रवृत्ति रकमलाई समयमै वितरण गर्ने गर्नु पर्दछ। छात्रवृत्ति वितरणले पारेका सकारात्मक र नकारात्मक प्रभावलाई पछिल्ला दिनहरूमा विश्लेषण गर्नको लागि प्रत्येक वर्षको छात्रवृत्ति वितरणको अभिलेख पारदर्शी रुपमा हरेक विद्यालयमा राखिनु पर्दछ। हरेक विद्यालयले छात्रवृत्ति वितरणको लागि अलग्गै छात्रवृत्ति छनोट र वितरण समिति बनाउन उपयुक्त हुन्छ। छात्रवृत्तिबाट वितरण गरिएको रकम अभिभावकहरूबाट दुरुपयोग हुन सक्ने हुँदा त्यसलाई रोकथाम गर्ने गरी विद्यार्थीको आमालाई छात्रवृत्ति रकम वितरण गरिनु पर्दछ वा विद्यालयले नै आवश्यक स्टेशनरी सामग्री खरिद गरेर दिँदा दुरुपयोग कम हुन्छ। छात्रवृत्ति वितरणको लागि विद्यालयहरूले विद्यार्थी भर्ना अभिलेख दुरुस्त राख्नु पर्दछ।

### ५.३.३ अनुसन्धान तह

छात्रवृत्ति वितरण कार्यकमले शिक्षण सिकाइमा पारेको प्रभाव भन्ने शीर्षकमा गरिएको यो अनुसन्धानले प्राथमिक तहको छात्रवृत्तिको  वितरणको मात्र अध्ययन गरिएको हुँदा नि.मा.वि. र मा.वि. तहको छात्रवृत्ति वितरण प्रक्रियाको तुलनात्मक

अध्ययन गर्नको लागि यसले आधार प्रदान गर्दछ। थप अनुसन्धान कर्तालाई यो अनुसन्धानले संस्थागत विद्यालयहरूमा के कसरी छात्रवृत्ति वितरण गरिन्छ, वा गरिदैन? त्यसको सामुदायिक विद्यालयहरूसँग तुलनात्मक अध्ययन गर्नमा सहयोग प्रदान गर्दछ। छात्रवृत्ति वितरणले शिक्षण सिकाइमा कति सुधार गर्न सक्यो वा सकेन त्यसको लेखा जोखा विद्यालयले राख्नु पर्दछ र यो पनि अनुसन्धानको विषय हुन सक्छ।

# सन्दर्भ सामाग्री


अनुसन्धान तथा शैक्षिक सूचना व्यवस्थापन शाखा (२०६५), *शिक्षा विभागद्धारा गरिएका अध्ययनहरुको प्रतिवेदन* (२०६३/२०६४), सानोठीमी, भक्तपुर : लेखक ।

के.सी, फतबहादुर (२०६०), *संगठनात्मक व्यवहार,* काठमाण्डौ : नवीन प्रकाशन ।

गजुरेल, पवित्रा (२०६८), *दलित छात्रवृत्तिवितरणले विद्यार्थी नियमिततामा पारेको प्रभाव,* शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोतर तह, अप्रकाशित शोधपत्र, सुकना वहुमुखी क्याम्पस, मोरङ ।

ढकाल, माधवप्रसाद र कोइराला, मातृकाप्रसाद (२०६४), *शिक्षाका आधारहरु,* काठमाडौ : रत्न पुस्तक भण्डार ।

नेपाल राष्ट्रिय प्रज्ञा प्रतिष्ठान (२०५९), *बृहत् नेपाली शब्दकोश,* काठमाडौ : लेखक ।

पोखेल, यूवराज (२०६७), *प्राथमिक तहको छात्रवृतिले विद्यार्थी भर्ना दरमा पारेको प्रभाव,* शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोतर तह, अप्रकाशित शोधपत्र, सुकना वहुमुखी क्याम्पस, मोरङ ।

पौडेल,लेखनाथ(२०५४),*नेपालमा शिक्षाको विकास,* विद्यार्थी पुस्तक भण्डार : भोटाहिटी, काठमाडौं ।

बस्नेत, रवगेन्द्र (२०६०), *शैक्षिक ज्योति,* वर्ष १, अकं. १

रेग्मी, मुरारिप्रसाद, श्रेष्ठ, रीता र साथीहरु (२०६३), *कक्षाकोठामा मनोविज्ञान,* काठमाडौः न्यूहिरा बुक्स इन्टरप्राइजेज ।

लम्साल, हरिप्रसाद (२०६९), *विद्यमान छात्रवृतिको प्रावधान र सुविधा विहिन समुदायको पहुँच,* भक्तपुरः पाठ्यक्रम विकास केन्द्र ।

लामिछाने, विष्णुराज *(२०६८ ) , शिक्षकहरुको पेशागत विकास कार्यक्रमको प्रभावकारिता ,* शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोतर तह, अप्रकाशित शोधपत्र, सुकना वहुमुखी क्याम्पस, मोरङ ।

शिक्षा विभाग (२०६५), *विद्यालय तह छात्रवृत्तिकार्यक्रमको प्रभावकारिता माथि एक अध्ययन,* भक्तपुर : लेखक ।

शिक्षा मन्त्रालय (२०६६), *शिक्षा नियमावली २०५९* (सातौ संसोधन समेत) काठमाडौ : लेखक ।

शिक्षा मन्त्रालय (२०३८), *आ.व. २०६८/२०६९ को वार्षिक कार्यक्रम तथा वजेट* काठमाडौःलेखक ।

## अनसूची – एक

## छात्रवृत्ति वितरण कार्यक्रमले शिक्षण सिकाइमा पारेको प्रभाव

## छनौटमा परेका विद्यालयका प्र.अ., स्रोत व्यक्ति, शिक्षक र विद्यार्थी विवरण

| क.स. | विद्यालयको नाम रठेगाना | वि.व्य.स. अध्यक्ष | प्र.अ. | स्रोत व्यक्ति | शिक्षक संख्या | अभिभावक संख्या | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|---|
| १. | सर्वोदय उ.मा. वि. कदमाहा:४ | | श्री टिकाराम सुवेदी | श्री विष्णु प्र. लामिछाने | १५ | ३७ | ३० |
| २. | श्री कालिका प्रा. वि. दादरवैरिया ४ | श्री राज कुमार सरदार | श्री दिनेश मण्डल | श्री विष्णु प्र. लामिछाने | ०३ | १२ | २० |
| ३. | श्री शारदा मा. वि. सोराभाग ३ | श्री कृष्ण व. राजवंशी | श्री रवि राजवंशी | श्री विष्णु प्र. लामिछाने | १० | २० | २२ |
| ४. | श्री जनता उ.मा. वि. अमाहीवरियाती | श्री योगेन्द्र मण्डल | श्री श्याम साह | श्री विष्णु प्र. लामिछान | ०६ | २० | १० |
| ५. | श्री दुर्गा प्रा.वि. नोचा | | श्री रामचन्द्र मण्डल | श्री विष्णु प्र. लामिछान | ०३ | ०८ | ०८ |
| ६. | श्री महेन्द्र नि. मा.वि. ववियाविर्ता ३ | श्री गुलावचन्द्र गडेरी | श्री मदन कुमार दहाल | श्री विष्णु प्र. लामिछान | ०८ | २५ | १० |

अनसूचीः दुई

विद्यालय अवलोकन फारम २०७०

१. क) विद्यालयको नाम र ठेगाना :

ख) विद्यालयमा संचालित कक्षा :

२. विद्यालयको विद्यार्थी विवरण :

| कक्षा | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

३. विद्यालयमा प्राप्त हुने प्रा.वि. तहको छात्रवृत्तिः

क) दलित

ख) बालिका

ग) अपांग

घ) सिमान्तकृत

ङ) अन्य

४. छात्रवृत्तिप्राप्त गर्ने र नगर्ने विद्यार्थीहरुको उपस्थिति :

५. छात्रवृत्तिवितरणको किसिम :

क) नगद

ख) जिन्सी

ग) नगद र जिन्सी

६. छात्रवृत्ति वितरणको समय :

क) शै.स.को सुरुमा

ख) शै.स.को मध्यमा

ग) शै.स.को अत्यमा

७. छात्रवृत्तिरकमको उपयोगमा अभिभावकको मत :

क) पठन पाठनमा

ख) घर खर्चमा

ग) फजुल खर्चमा

घ) ऋण तिर्नमा

८. कक्षोतीर्ण विवरण, २०६९

| कक्षा | परीक्षामा सम्मिलित संख्या | छात्रवृत्तिपाउने उतिर्ण | छात्रवृत्तिनपाउने उतिर्ण |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| जम्मा | | | |

## अनसूची : तीन

# छात्रवृत्ति वितरण कार्यक्रमले शिक्षण सिकाइमा पारेको प्रभाव

## प्रधानाध्यापकका लागि तयार गरिएका प्रश्नावली

प्र.अ. को नाम :

विद्यालयको नाम :

१. छात्रवृत्तिरकमको वितरण कसरी गर्नु हुन्छ ?

क) व्या. समितिको उपस्थितिमा ख) शिक्षकको सिफारिस ग) आफैले घ) शिक्षकद्धारा

२. छात्रवृत्तिरकमको उपयोग के कसरी भइरहेको छ ?

क) विद्यालय पोशाक खरिदमा ख) स्टेशनरीमा ग) फजुल खर्चमा घ) ऋण तिर्नमा

३. छात्रवृतिले गर्दा विद्यालयमा विद्यार्थीको नियमिततामा कस्तो प्रभाव पारेको छ ?

क) सकारात्मक ख) नराकारात्मक

४. तपाईको विद्यालयमा के कस्ता प्रकारका छात्रवृत्तिआउने गरेको छन् ?

क) दलित /बालिका ख) अपाङ्ग ग) सिमान्तकृत घ) माथिका सबै

५. छात्रवृत्तिकार्यक्रमका के कस्ता समस्याहरु रहेका पाउनु भएको छ ?

...........................................................................................................

६. छात्रवृत्तिकार्यक्रमका सकारात्मक र नाकारात्मक पक्षहरु के के रहेका छन् ?

...........................................................................................................

७. छात्रवृत्तिरकमको कोटा र पारदर्शिता कस्तो रहेको छ ?

...........................................................................................................

८. छात्रवृत्ति प्राप्त गर्ने र नगर्ने विद्यार्थीहरूमा के कस्ता सामाजिकीकरणका गुणहरू रहेका पाउनु भएको छ ?

...........................................................................................................

९. तपाइले वितरण गर्दै आउनु भएको छात्रवृत्ति रकम पर्याप्त छ ?

क) छ ख) छैन ग) ठीकै छ घ) बढाउनु पर्छ

अनसूची : चार

# छात्रवृत्ति वितरण कार्यक्रमले शिक्षण सिकाइमा पारेको प्रभाव

## स्रोतव्यक्तिका लागि प्रश्नावली

स्रोत व्यक्तिको नाम :

विद्यालयको नाम :

१. तपाईको स्रोत केन्द्रमा छात्रवृत्तिवितरण सम्बन्धी कस्तो व्यवस्था छ ?

क) कार्यक्रम अयोजना गरि    ख) अभिावक दिवसमा

ग) विद्यालयले आफ्नै किसीमले    घ) स्रोतकेन्द्र भरि एकै दिन

२. छात्रवृत्तिकार्यक्रमले वालवालिकाको शैक्षिक उपलब्धी र नियमिततामा कस्तो प्रभाव पारेको छ ?

क) सकारात्मक    ख) नराकात्मक

३. छात्रवृत्तिरकमको उपयोगिता कस्तो रहेको छ ?

क) पठन पाठनमा ख) घर खर्चमा    ग) फुर्मासिमा    घ) ऋण तिर्नमा

४. छात्रवृत्तिनिर्देशिकाअनुसार छात्रवृत्तिप्राप्त भएको छ या छैन् ?

क) भएको छ  ख) भएको छैन  ग) निर्देशिका वारे जानकारी छैन    घ) सधै एकनाश हुदैन

५. छात्रवृत्तिकार्यक्रमका सवल र दुर्वल पक्षहरु के कस्ता रहेका छन् ?

.............................................................................................................

६. आफनो स्रोत केन्द्रका विद्यालय उमेर समुहका सवै वालवालिका विद्यालय नआउनुको मुख्य कारण के के हुन सक्छन् ?

क) गरिवी    ख) धार्मिक परम्परा

ग) कुनै सुविधा प्राप्त नहुनु    ङ) माथिका सबै

७. विद्यालयहरुले छात्रवृत्तिवितरण गर्दा तपाईको उपस्थिति र निर्देशन (परामर्श) लिने गरेको छ ? छैन भने के पहल गर्नु भएको छ ?

.............................................................................................................

८. जि.शि.का. वाट छात्रवृत्तिकोटाको रकम कसरी निकाशा हुने गरेको छ ?

क) प्रति कोटा दामासाही    ख) एकमुष्ट

ग) प्रति विद्यालय दामासाही    घ) विद्यार्थीको नाम तोकेर

९. छात्रवृत्तिवितरणले विद्यार्थीको उपस्थिति कस्तो रहेको छ ?

क) उपस्थिति नियमित छ । ख) छात्रवृत्तिपाउने समय सम्म उपस्थित हुन्छन् ।

ग) उपस्थिति देखिदैनन् । घ) प्रभाव सुन्य छ ।

१०. के कस्ता प्रकारका छात्रवृतिहरु तपाईको स्रोत केन्द्रमा उपलब्ध गराउनु भएको छ ?

.........................................................................................................

११. छात्रवृत्तिवितरणमा देखिएका मुख्य / मुख्य समस्याहरु के के हुन सक्छन् ?

.........................................................................................................

## अनसूची : पाँच
## छात्रवृत्ति वितरण कार्यक्रमले शिक्षण सिकाइमा पारेको प्रभाव
### शिक्षकसंग गरिएको प्रश्नावली

शिक्षकको नाम : विद्यालयको नाम :

१. यस विद्यालयका सेवा क्षेत्र भित्रका विद्यालय उमेर समुहका सवै वालवालिका विद्यालय भर्ना भएका छन् ?

..........................................................................

२. भर्ना नभएका भए के कारण हुन सक्छ ?

..........................................................................

३. छात्रवृत्तिवितरण गरिने समय वारे तपाईको प्रतिक्रिया कस्तो छ ?

..........................................................................

४. छात्रवृतिको प्रभाव कस्तो रहेको पाउनु भएको छ ?

..........................................................................

५. छात्रवृत्तिवितरणलाई प्रभावकारी वनाउन के गर्नु पर्ला ?

..........................................................................

६. छात्रवृत्तिवितरण कार्यक्रमको सवल र दुर्वल पक्षहरु के के हुन सक्छन् ?

..........................................................................

७. छात्रवृत्तिवितरण गर्दा नगद वा जिन्सी कुन वितरण गर्नु राम्रो हुन्छ ? किन ?

..........................................................................

८. विद्यालयलाई प्राप्त छात्रवृत्तिकोटा कस्तो छ ?

..........................................................................

९. छात्रवृत्तिकार्यक्रमलाई प्रभावकारी वनाउने उपयाहरु के के होलान ?

..........................................................................

१०. छात्रवृत्तिकार्यक्रम प्रति तपाईको धारणा के छ ?

..........................................................................

११. छात्रवृत्ति रकम कसलाई दिनु उपयुक्त होला ?

..........................................................................

१३. छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको व्यवहारमा के कस्ता परिवर्तन आएको पाउनु भएको छ ?

..........................................................................

# अनसूचीः छ

## छात्रवृत्ति वितरण कार्यक्रमले शिक्षण सिकाइमा पारेको प्रभाव

### विद्यार्थीको लागि प्रश्नावली

विद्यार्थीको नाम :

विद्यालयको नाम :

१. तिमीले आजसम्म कुनै छात्रवृत्तिपाएका छौ ?

क) छैन   ख) पाएको छु

२. छात्रवृत्तिकसले बुझ्दछ ?

क) आफै   ख) अभिभावक   ग) सर   घ) आमावावुले

३. छात्रवृत्तिरकम के काममा खर्च गर्ने गरेको छ ?

क) पोसाक किन्नमा   ख) कापीकलम किन्नमा   ग) घरखर्च गर्नमा   घ) ऋण तिर्नामा

४. यदि छात्रवृत्तिपाएका छौ भने , उक्त छात्रवृत्तिकिन पाएका छौ ?

क) कक्षामा प्रथम भएर   ख) छात्रा भएर   ग) दलित भएर   घ) थाहा छैन

५. तिमीले प्राप्त गरेको छात्रवृत्ति पर्याप्त छ ? छैन भने कति भए हुन्थ्यो जस्तो लाग्छ ?

क) छैन, महंगी अनुसार दिनु पर्थ्यो   ख) छैन कलम, कपि र पोशाक किन्न   पुग्ने हुनु पर्थ्यो

ग) छैन, वर्ष दिन भरि खाजा खान पुग्ने गरि दिनु पर्थ्यो   घ) छैन, टयूसन पढन पुग्ने गरि दिनु पर्थ्यो

६. छात्रवृत्तिरकम कुन समयमा वितरण गर्नु उपयुक्त हुन्छ ?

क) शै.स.को सुरुमा   ख) शै.स.को मध्यमा   ग) शै.स.को अन्त्यमा   घ) जुनसुकै वेला

७. छात्रवृत्तिरकम कसलाई दिनु राम्रो हो ?

क) विद्यार्थीलाई   ख) आमावावुलाई   ग) शिक्षकलाई   घ) अन्यलाई

८. छात्रवृतिमा नगद वा जिन्सी के दिनु राम्रो लाग्छ र किन ?

.

..............................................................

९. छात्रवृत्तिप्राप्त गर्दा तिमीलाई कस्तो लाग्छ ?

..........................................................................................

१०. छात्रवृतिको रकमले गर्दा तिमीलाई पढाइमा सहयोग गर्छ ?

..............................................................................................................

११. तिमीलाई पढ्ने प्रेरणा कसले दिन्छ ?

..............................................................................................................

१२. के तिमी विद्यालयमा नियमित छौ ? छैनौ भने किन ?

..............................................................................................................

अनसूचीः सात

# छात्रवृति वितरण कार्यक्रमले शिक्षण सिकाइमा पारेको प्रभाव

## अभिभावकका लागि प्रश्नावली

अभिभावकको नाम :

विद्यालयको नाम :

१. तपाईको घरमा प्राथमिक उमेर समुहका वालवालिका कति छन् ?

...........................................................................................................

२. तपाईका छोरा छोरीले छात्रवृत्ति पाएका छन् ? छन् भने कुन छात्रवृत्ति कति रकमको पाएका छन् ?

...........................................................................................................

३. तपाईका छोरा छोरीले पाएको छात्रवृतिको रकम के मा खर्च गर्नु हुन्छ ?

क) उनीहरुको पठन पाठनमा ख) घर खर्चमा ग) फजुल खर्चमा घ) ऋण तिर्नमा

४. छात्रवृत्ति वितरण गरिने उपयुक्त समय कुन होला ?

क) शै.स.को सुरुमा ख) शै.स.को मध्यमा ग) शै.स.को अन्त्यमा घ) जुनसुकै वखत

५. छात्रवृत्ति रकम कसलाई दिनु उपयुक्त होला ?

क) वालवालिकालाई ख) आमावावुलाई ग) शिक्षकलाई घ) अन्य कसैलाइ

६. तपाईको विचारमा छात्रवृत्तिवितरणको उपयुक्त समय कुन होला ?

...........................................................................................................

७. तपाईको वच्चालाई नियमित रुपमा विद्यालय पठाउनु हुन्छ ? नपठाउने गर्नु भएको भए के कारणले नपठाउनु भएको हो ?

...........................................................................................................

८. तपाईका नानीहरु पढ्ने विद्यालयले छात्रवृत्तिसम्बन्धि जागरण कार्यक्रम संचालन गर्ने गरेको छ ?

...........................................................................................................

९. छात्रवृत्ति वितरण गर्दा नगद वा जिन्सी कुन वितरण गर्नु उपयुक्त ठान्नु हुन्छ ? र किन ?

..........................................................................................................

१०. तपाईको आम्दानीको स्रोतले वच्चालाई पढाइ लेखाई गर्न लाग्ने खर्च धान्न सक्छ ?

..........................................................................................................

११. तपाईका नानीहरुलाई घरमा पढ्ने वातावरण दिनु भएको छ ? यदि छ भने दिनको कति घण्टा पढ्छन् ?

..........................................................................................................

१२. छात्रवृतिको सम्बन्धमा तपाईको राय के छ ?

..........................................................................................................

१३. तपाइले प्राप्त गर्ने छात्रवृत्ति रकम पर्याप्त छ ?

क) छ　　ख) छैन　　ग) ठीकै छ　　ग) थप गर्नु पर्दछ

## अनसूची : आठ

# छात्रवृति वितरण कार्यक्रमले शिक्षण सिकाइमा पारेको प्रभाव

## वि.व्य.स. अध्यक्षका लागी प्रश्नावली

अध्यक्षको नाम : विद्यालयको नाम :

१. छात्रवृत्ति वितरणको निर्णय कसरी गर्नु हुन्छ ?

क) वि.व्य.स. को बैठकबाट ख) स्टाफ बैठकबाट

ग) वर्ग शिक्षकबाट घ) प्र.अ.बाट

२. कस्ता विद्यार्थीलाई छात्रवृत्तिदिनु हुन्छ ?

क) गरिब ख) जेहेन्दार ग) गरिब तथा जेहेन्दार घ) तोकिए अनुसार

३. छात्रवृत्ति वितरण सम्बन्धी निर्देशिका हेर्नु भएको छ ?

क) छ ख) छैन

४. छात्रवृत्ति वितरणको उपयुक्त समय कुन हुन सक्छ ?

क) शै.स.को सुरुमा ख) शै.स.को मध्यमा ग) शै.स.को अन्त्यमा घ) जुनसुकै वखत

५. छात्रवृत्ति रकम के कसरी वितरण गर्दै आउनु भएको छ ?

क) नगद ख) जिन्सी ग) अभिभावकको चाहाना अनुसार घ) प्र.अ.को स्वविकेकमा

६. छात्रवृत्ति कसलाई बुझाउनु हुन्छ ?

क) विद्यार्थी ख) आमा ग) बुबा घ) परिवारको जुनसुकै सदस्य

७. छात्रवृत्ति वितरण गर्दा के (नगद, जिन्सी) वितरण गर्नु उपयुक्त हुन्छ ?

क) नगद ख) जिन्सी

८. छात्रवृत्तिरकमको उपयोग कसरी हुने गरेको छ ?

.........................................................................

९. विद्यालयमा के कस्ता प्रकारका छात्रवृत्तिहरु वितरण हुदै आएका छन् ?

.........................................................................

१०. तपाईको विचारमा छात्रवृत्तिकार्यक्रमले विद्यार्थीको नियमितता सिकाई उपलब्धी, भर्नादर र कक्षा छाड्ने दरमा प्रभाव पार्छ होला ?

.........................................................................

११. छात्रवृत्तिकार्यक्रममा सुधारका केही पक्ष भए स्पष्ट परिदिनुहोस् न ।

.........................................................................

१२. के वितरण गरिएको छात्रवृत्ति पर्याप्त छ ?

.........................................................................